**रेबिजबारे सचेत बनौं**

कुकुर तथा जंगली जनावरको टोकाईबाट रेबिज मानिसमा सर्न सक्छ।

यसबाट बच्न:

- घरपालुवा जनावरलाई नियमितरुपमा रेविजविरुद्धको खोप लगाऔं,
- जनावरले टोकेमा तुरुन्तै साबुन पानीले कम्तीमा १५ मिनेटसम्म राम्रोसँग धोऔं र तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गरौं,
- स्वास्थ्यकर्मीको सल्लाहबमोजिम रेविजविरुद्धको खोप लगाऔं,
- कुकुर तथा घरपालुवा जनावरलाई खुल्ला रुपमा नछाडौं,
- जंगली वा अपरिचित जनावरबाट टाढा बसौं,

रेविज लाग्न नदिन समयमा विचार पुऱ्याऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



**मजदुर विज्ञापन शाखा**

नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

**विज्ञापनको लागि सूचना**

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५

Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक



★ वर्ष : २८ ★ अङ्क : १५३ ★ ने. सं. ११४६ तछला थ्व, एकादशी ★ बिहीबार ★ ११ असार, २०८३ ★ June 25, 2026, Thursday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८





भारतको दक्षिणपश्चिमी तटीय राज्य केरलाको राजधानी थिरुवन्थपुरम्मा भारतीय राष्ट्रिय कङ्ग्रेस नेतृत्वको यूडीएफ सरकारले कम आयका जनतामाथि व्यापक कर लादेर रक्सी व्यवसायीलाई ठुलो कर छुट तथा नाफा हुने गरी ल्याएको बजेटको विरोधमा आक्रोशपूर्ण प्रदर्शनमा उत्रेका युवा–विद्यार्थीहरू जून २४, २०२६ बुधबारको दिन । यूडीएफ सरकारको जनविरोधी आर्थिक नीति तथा बजेटको विरोधमा राज्यव्यापी विरोध प्रदर्शन भइरहेको डेमोक्रेटिक यूथ फेडरेसन अफ इन्डिया (डीवाईएफआई) ले जनाएको छ ।

*तस्बिर : डीवाईएफआई केरलाको फेसबुकपेज*

## भक्तपुर : शैक्षिक गन्तव्यस्थल, सांस्कृतिक नगर र पर्यटनका आकर्षण केन्द्र

भक्तपुर, १० असार । भक्तपुर नगरपालिकाले नीति तथा कार्यक्रमको आधारमा बुधबार आर्थिक वर्ष ०८३/०८४ को अनुमानित बजेट पेस गऱ्यो । उपप्रमुख रजनी जोशीद्वारा प्रस्तुत उक्त बजेटमा शिक्षा, स्वास्थ्य, सम्पदा, सरसफाइ र विकासमा जोड दिइएको छ । ख्वप मेडिकल कलेज स्थापनाको निम्ति पहल गर्ने, ख्वप अस्पतालमा विशेषज्ञ थप्दै विभिन्न आधुनिक पद्धतिबाट उपचार गर्न मेसिन खरिद गर्ने, डाइलासिस गर्ने, रगत र अक्सिजन नि:शुल्क वितरण गर्ने र शववाहन सेवा पनि नि:शुल्क गराउने व्यवस्था नपाले गरेको छ । भक्तपुरलाई जीवित सङ्ग्रहालयको रूपमा विकास गर्ने, टोल टोलमा स्वास्थ्य केन्द्र, शिशु स्याहार केन्द्र र आदर निकेतन विस्तार गर्ने नपाको लक्ष्य छ । इतिहास, भूगोल, संस्कृति, राजनीतिशास्त्र, अर्थशास्त्र आदि विषयमा उच्च शिक्षासम्म हासिल गर्ने विद्यार्थीलाई पूर्ण छात्रवृत्ति दिने काम पक्कै पनि सराहनीय छ ।

भक्तपुरलाई एक उत्कृष्ट शैक्षिक गन्तव्य बनाउने, बेलाबखत उत्सव र मेलाको आयोजना गरेर सांस्कृतिक गतिविधि गरी सांस्कृतिक केन्द्र बनाएर आन्तरिक र बाह्य पर्यटकको आगमन बढाउने लक्ष्य पनि भनपाले तय गरेको छ । अध्ययन अनुसन्धान गर्ने विद्यार्थीलाई उत्साहित गर्न अनुसन्धान वृत्ति प्रदान गर्ने, शैक्षिक ऋणलाई निरन्तरता दिएर गरिब परिवारका सन्तानलाई उच्च शिक्षा दिएर विशेषज्ञ बनाउने काम नपाले चालू राखेको छ । ख्वप अस्पतालमा एमआरआई र डाइलासिस सेवा थप्ने स्वास्थ्य केन्द्र खोलेर आँखा उपचार सेवा गर्ने, घरदैलो नर्सिङ सेवा अझ व्यवस्थित गर्ने, भक्तपुरलाई सांस्कृतिक नगर घोषणा गराउन सरकारको ध्यानाकर्षण गर्ने, थन्थु दरबार, अरनिको सभा भवन बनाउने, कम्पोस्ट मल र कृषि चुन किसानहरूलाई सहुलियतमा बिक्री वितरण गर्ने, रासायनिक मल र विषादीको प्रयोगलाई न्यूनीकरण गरी जैविक मल र जैविक विषादी बनाउने र अभिमुखीकरण गर्ने काममा नपा लाग्ने बजेटमा उल्लेख छ ।

अध्ययन अनुसन्धान गर्न चाहने विद्यार्थीहरूलाई नगरपालिकाले अनुसन्धान वृत्ति प्रदान गर्ने नीति भनपाले लिएको छ । भक्तपुरलाई पर्यटनको आकर्षणको केन्द्र बनाउन सम्भाव्यता अध्ययन समिति गठन गर्ने काम पनि नपाको लक्ष्य रहेको छ । रासायनिक मलको प्रयोग न्यूनीकरण गर्न प्राङ्गारिक मललाई व्यवस्थित ढङ्गले वितरण गर्ने, सहिद स्मृति खेल मैदान र महेश्वरी खेल मैदानको स्तर वृद्धि गर्ने, भक्तपुर औद्योगिक क्षेत्रलाई हस्तकला र घरेलु उत्पादनलाई जोड दिने उद्देश्य भक्तपुर नगरपालिकाको रहेको छ । भक्तपुर नगरपालिकाभित्र रहेका पर्ती तथा सार्वजनिक जग्गाको अभिलेखीकरण गरी तिनको संरक्षण गर्ने नीतिलाई चालु राख्ने नपाको लक्ष्य उदाहरणीय मानिन्छ । यहाँका सार्वजनिक भनिएका सत्तल, पाटी, ढुङ्गेधारा, इनार, मन्दिर, बिहार, बह, चैत्य, सबै सार्वजनिक बनाइनुपर्दछ या सार्वजनिक बनाउने अभियान नपाले चालू राखे त्यो अर्को उदाहरणीय कदम हुनेछ ।

सारमा, भनपाको नीति तथा कार्यक्रम र बजेट जनताकेन्द्रित देखिन्छ । नपाले पार्टीको घोषणापत्र र जनताको सल्लाह र सुझावलाई आत्मसात गरेको पाइन्छ । इमानपूर्वक राजनीति गर्ने दलले प्रतिनिधित्व गरेको भक्तपुर नगरपालिकाको नीति तथा कार्यक्रम र बजेट जनताको चाहना र नगरको आवश्यकता पूरा गर्ने खालको छ । तर, भनपाको बजेट जनतालाई देखाउनको निम्ति होइन व्यवहारमा लागू गर्नको निम्ति हो । आर्थिक वर्ष सुरू भएलगत्तै तय भएको योजना लागू गर्न सम्बन्धित समिति, वडा र नपाको प्रशासन र कर्मचारी क्रियाशील हुनुपर्छ; समयमै पूरा गर्न जोडतोडका साथ लाग्नुपर्छ ।

# भक्तपुर नगरपालिकाको अनुमानित बजेट रु. २ अर्ब ५५ करोड




भक्तपुर, १० असार । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा बुधबार बसेको बीसौँ नगरसभाको बैठकमा उपप्रमुख रजनी जोशीले भक्तपुर नगरपालिकाको आ.व. २०८३/८४ को अनुमानित आय-व्यय बजेट प्रस्तुत गर्नुभयो ।

भक्तपुर नगरपालिकाको आन्तरिक स्रोत, सङ्घीय र प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँट, विभिन्न अनुदान र चालू वर्षको बैङ्क मौज्दातबाट व्यवस्थापन हुने गरी आ.व. २०८३/८४ को लागि रु. २ अर्ब ५५ करोडको बजेट प्रस्तुत भयो ।

विनियोजित बजेटको चालूतर्फ १ अर्ब ५५ करोड ८९ लाख अर्थात् ६१.१३ प्रतिशत र पुँजीगततर्फ ९३ करोड ३१ लाख अर्थात् ३६.६० प्रतिशत तथा वित्तीयतर्फ ५ करोड ८० लाख (२.२७ प्रतिशत) विनियोजन गरेको छ ।

बजेट वक्तव्यमा नगरवासी जनताको भावनाबमोजिम विभिन्न शैक्षिक विकास र शिक्षा क्षेत्रका लागि कुल बजेटको २२.०६ प्रतिशत अर्थात् ५६ करोड २७ लाख ४० हजार विनियोजन गरिएको छ ।

नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पताललाई आधुनिक सुविधायुक्त बनाउन र विशेषज्ञ सेवा विस्तार गर्न यसै आर्थिक वर्षभित्र एम.आर.आई. सेवा र आई.सी.यू. सेवा सञ्चालनको लागि कुल २३ करोड रूपैयाँ विनियोजन गरेको छ । स्वास्थ्य क्षेत्रका समग्र कार्यक्रमहरूका लागि रु. ३५ करोड ६४ लाख अर्थात् १३.९७ प्रतिशत बजेट विनियोजन गरिएको छ ।

नगरपालिकाले सम्पदा पुन:निर्माण तथा संस्कृति संरक्षणका लागि आगामी वर्ष कुल ७ करोड ९० लाख, भौतिक


***बाँकी पृष्ठ ८ मा***


***व्यङ्ग्यचित्रको कुनो***





**अल्लो कपडाबाट झोला तयार गरिँदै**

दाङको घोराही उपमहानगरपालिका-१४ स्थित युनिक दिदीबहिनी अल्लो उद्योगमा महिला उद्यमी अल्लोको धागोबाट निर्मित कपडाको झोला तयार गर्दै ।

*तस्बिर: कुलदीप न्यौपाने/रासस*

# संरक्षित क्षेत्रमा घुम्न आउने पर्यटक ६० प्रतिशत

काठमाडौँ, १० असार । कुल विदेशी पर्यटकमध्ये करिब ६० प्रतिशतले नेपालका संरक्षित क्षेत्रहरू घुम्ने गरेको सरकारी आँकडा बाहिरिएको छ । नेपाल घुम्न आउने पर्यटकको प्रमुख गन्तव्य राष्ट्रिय निकुञ्ज, आरक्ष र संरक्षण क्षेत्रहरू देखिएका छन् ।

आर्थिक वर्ष २०८१/८२ मा स्वदेशी र विदेशी गरी कुल १० लाख ९७ हजार ८३६ जना पर्यटकले संरक्षित क्षेत्रको भ्रमण गरेको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले जनाएको छ ।

विभागका महानिर्देशक डा. बुद्धिसागर पौडेलले सार्क मुलुक र अन्य विदेशीको सङ्ख्या पाँच लाख ११ हजार ७६२ र नेपाली पाँच लाख ८६ हजार ७४ पर्यटक रहेका छन् । पाहुना प्रवेशबाट उक्त आवमा रु. एक अर्ब ५२ लाख १६ हजार राजस्व प्राप्त भएको थियो ।

आव २०८१/८२ को विवरणअनुसार शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जमा तीन लाख ४६ हजार ६४४, त्यसपछि अन्नपूर्ण संरक्षण क्षेत्रमा दुई लाख ७८ हजार ११३, चितवन राष्ट्रिय निकुञ्जमा दुई लाख ४९ हजार ९५६ पर्यटक प्रवेश गरेका थिए । सबैभन्दा कम अपिनाम्पा संरक्षण क्षेत्रमा २२९ जना पर्यटक प्रवेश गरेको तथ्याङ्कमा उल्लेख छ ।

नेपालमा चितवन, बर्दिया, लामटाङ, रारा, बाँके, सगरमाथा, शे-फोक्सुन्डो, शिवपुरी नागार्जुन, मकालु बरुण, खप्तड, शुक्लाफाँटा, पर्सा र छायाँनाथ गरी १३ राष्ट्रिय निकुञ्ज रहेका छन् ।

त्यस्तै कृष्णसार, अपिनाम्पा, कञ्चनजङ्घा, मनास्लु, गौरीशङ्कर र अन्नपूर्ण गरी छ संरक्षण क्षेत्र तथा ढोरपाटन सिकार आरक्ष एवं कोशीटप्पु वन्यजन्तु आरक्ष रहेका छन् । संरक्षण क्षेत्रहरूले मुलुकको कुल भूभागको २३.३९ प्रतिशत क्षेत्र ओगटेको छ । ***रासस***

# खोला सरसफाइ अभियान : रोग र बाढी रोक्ने अचुक उपाय

भक्तपुर, १० असार । भक्तपुर नगरपालिका वडा नम्बर २ को योजना र सहयोगमा असार १० गते खासाङ्खुसुङ खोलाको बर्खे पुलदेखि सल्लाघारी पुलसम्मको खोला सफाइ तथा सुधार कार्य सुरु भएको छ । वर्षायामको सुरुआतमै खोलाको बहावलाई सुचारु राख्न र सम्भावित क्षति कम गर्न वडा समितिको रेखदेखमा उपभोक्ता समितिले यो कार्य अघि बढाएको हो ।

विगतका वर्षहरूमा जग्गाधनी एवं किसानहरूले धान रोपिसकेपछि वा धान फल्न लागेको समयमा खोला थुनिएर खेतबारीमा बाढी पस्ने गरेको थियो । बाढीसँगै आउने हिलो र माटोले गर्दा धान खेती पूरै डुब्ने र अन्न सडेर किसानहरूले ठुलो नोक्सानी ब्यहोर्दै आएका थिए । विगतका तिनै दुःखद अनुभव र क्षतिलाई मध्यनजर गर्दै यस वर्ष यो सुधार कार्य थालिएको हो ।

खोला सफाइ कार्य मानिसलाई रोग लागेपछि उपचार गर्नुभन्दा रोग लाग्नै नदिन अपनाइने वास्तविक स्वास्थ्य उपाय हो । खोलामा फोहोर र झाडी थुप्रिँदा पानी थुनिएर दुर्गन्ध फैलने, लामखुट्टे तथा झिङ्गाहरू बढेर झाडापखाला, हैजा र डेङ्गुजस्ता विभिन्न किसिमका महामारी समुदायमा फैलने तीव्र खतरा हुन्छ । यसरी रोग लागेर शारीरिक कष्ट भोग्नु, अस्पताल धाउनु र खर्चिलो उपचार गर्नुभन्दा रोग लाग्नै नदिने वातावरण बनाउनु बुद्धिमानी हो । 'उपचारभन्दा रोकथाम उत्तम' भन्ने भनाइजस्तै भोलि आउन सक्ने यस्ता गम्भीर स्वास्थ्य सङ्कट र बाढीको सास्तीलाई पहिले नै रोक्न यो कदम चालिएको हो ।

यो कार्यलाई सहज बनाउन सम्बन्धित छेउछाउका जग्गाधनीहरूलाई सरसफाइ भइरहेको स्थानमा आउन अपिल गरिएको छ । जग्गाधनीहरू आफैँ अगाडि सरेर काम गराउनुभयो भने प्राविधिक र श्रमिकहरूलाई काम गर्न सहज हुनेछ । सरसफाइको क्रममा खोला छेउको बगरमा माटो हालिने हुनाले जग्गाभित्र पानी पस्ने सम्भावना कम हुनेछ र खोलाको बहाव सुचारु हुँदा बाढी पसेर धान बाली डुबान गर्ने जोखिम न्यून हुनेछ ।

# आत्मनिर्भर बन्न सीप सिक्दै पाल्पाका महिला

तानसेन (पाल्पा), १० असार । यहाँका महिला आत्मनिर्भर बन्ने उद्देश्यसहित सीप सिक्न थालेका छन् । स्थानीय सरकारको सहयोगमा उनीहरू प्रशिक्षणमा सहभागी भएका हुन् ।



विपन्न वर्ग तथा समुदायलाई लक्ष्य गरी स्थानीय सरकारले सीप विकाससम्बन्धी तालिम सञ्चालन गरेपछि उद्यम गरेर आत्मनिर्भर हुन उनीहरू प्रशिक्षणमा आकर्षित भएका हुन् ।

केही महिला सीप सिकेर स्वरोजगार बनेका छन् भने केही सीप सिकिरहेका छन् । तानसेन नगरपालिका-५ कैलाशनगरकी मालती अधिकारीले भन्नुभयो, "सीप सिक्छौँ, आत्मनिर्भर बन्छौँ, आयआर्जनको क्रियाकलापमा प्रत्यक्ष संलग्न हुन्छौँ, यसअघि स्वेटर, टोपी, मोजालगायत बुन्न सिकेको र अहिले वडा कार्यालयको सहयोगमा जुत्ता, चप्पल बनाउन सिकेको सीपले हाम्रो जीवनस्तर सुधार हुने ठानेकी छु ।" उहाँले भन्नुभयो, "सानो लगानीमा पनि व्यवसाय गर्न सकिने भएकाले आर्थिक अवस्थामा उक्सने आशा छ ।"

उद्यमी अधिकारीजस्तै यहाँका ३४ जना महिलाले जुत्ता, चप्पल बनाउन सिकेका छन् । सीप विकासमार्फत विपन्न समुदायका महिलालाई आत्मनिर्भर बनाउन तालिम दिइएको वडाध्यक्ष रामबहादुर रावलले बताउनुभयो । सीप र रोजगारलाई प्राथमिकता दिँदै दक्ष जनशक्ति र उद्यमी उत्पादन गर्नेगरी वडाले काम गरिरहेको उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, "महिला र युवालाई सीपसँग जोड्दै क्षमता विकास गर्ने र उत्पादन गरेका वस्तु बजारसम्म पुऱ्याउनका लागि हामीले सहजीकरण गर्दै आएका छौँ ।" तालिमबाट महिला उद्यमी बन्ने र नगरभित्र आर्थिक चलायमान बढ्ने उहाँले विश्वास व्यक्त गर्नुभयो । सानो पुँजीमा व्यवसाय सञ्चालन गर्न सकिने भएकाले महिला सजिलै आत्मनिर्भर बन्न सक्ने रावलको भनाइ छ ।

सधैँजसो मेलापात, चुलोचौका र घरधन्दामै दैनिकी बिताउँदै आउनुभएका रामपुरका महिला पनि ४५ दिने होजियारी तालिमपछि गाउँमै स्वेटर, मोजा, टोपी र मफलर बुन्न सक्ने भएका छन् । रामपुर नगरपालिकाले होजियारी तालिम सञ्चालन गरेपछि सुइडा पनि नदेखेका महिलाले स्वेटर, मोजा, टोपी र मफलर बुन्ने भएका छन् ।

तालिममा सहभागी सीता रेग्मीले भन्नुभयो, "हामीले सुइडा पनि देखेका थिएनौँ । पहिलो दिनमा त निकै अलमलिएका थियौँ । सीप सिक्ने इच्छाका साथ दैनिक प्रयास गरेपछि अब स्वेटर, मोजा, टोपी र मफलर बुन्ने भएका छौँ ।"

रामपुर नगरपालिकाले उपप्रमुख ग्रामीण महिला उत्थान कार्यक्रमअन्तर्गत आधारभूत होजियारी तालिम लिएका ग्रामीण महिलाका लागि ४५ दिनको तालिम दिएपछि महिलाहरू स्वरोजगार बन्ने दिशामा लागेका हुन् ।

नगरप्रमुख रमणबहादुर थापाले महिलालाई व्यावसायिक र आत्मनिर्भर बनाउन नगरपालिकाले सीपमूलक तालिम सञ्चालन गर्दै आएको बताउनुभयो । कतिपय महिला तालिम लिएर व्यवसाय बजारको सुनिश्चितता पनि पालिकाले गर्ने उहाँले बताउनुभयो । ***रासस***

# दुग्ध उत्पादनलाई प्रोत्साहन गर्न किसानलाई अनुदान

त्रिवेणी (नवलपरासी), १० असार । कावासोती नगरपालिकाले दुग्ध उत्पादनलाई प्रोत्साहन गर्न किसानलाई उत्पादनका आधारमा अनुदान उपलब्ध गराएको छ ।

कावासोती नगरपालिका पशुपन्छी विकास उपशाखाका पशु विकास अधिकृत अच्युत आचार्यका अनुसार दुग्ध उत्पादन बढाउने उद्देश्यले नगरपालिकाले यहाँका किसानलाई चालु आर्थिक वर्षमा रु. २८ लाख अनुदान उपलब्ध गराएको छ ।

नगरपालिकाले नगरका दुग्ध उत्पादक किसानलाई दूधमा प्रतिलिटर रु. दुई अनुदान उपलब्ध गराउँदै आएको छ । नगरभित्रका पाँचवटा सहकारीमार्फत उक्त अनुदान वितरण गरिएको हो । दुग्ध उत्पादन गर्ने किसानले सहकारीमा बिक्री गरेको दूधका आधारमा सहकारीमार्फत किसानलाई अनुदान उपलब्ध गराइएको हो ।

कावासोती नगरपालिकाका पाँचवटा सहकारीमा सङ्कलन भएको दूधका आधारमा १५ लाख ४३ हजार ११३ लिटरका लागि अनुदान उपलब्ध गराइएको आचार्यले बताउनुभयो । गत वर्षको उत्पादनका आधारमा रु. २८ लाख अनुदानका लागि विनियोजन गरिएकामा यसपटक उत्पादन वृद्धि भएकाले सोहीअनुसार केही अनुदानको दरलाई कम गरेर सबै किसानलाई अनुदान उपलब्ध गराएको उहाँले जानकारी दिनुभयो । दूधमा प्रदान गरिएको अनुदानले थोरै भए पनि किसानले लाभ लिएको र उत्पादन लागत घटाउन सहयोग पुगेको उहाँले बताउनुभयो ।

साना किसान कृषि सहकारी संस्था कावासोती-१४, एकीकृत दुग्ध विकास सहकारी संस्था कावासोती-८, जनकल्याण कृषि तथा दुग्ध सहकारी कावासोती-१७, शिवमन्दिर महिला बहुउद्देश्यीय सहकारी कावासोती-२ र नमुना दुग्ध उत्पादक सहकारी कावासोती-१७ मार्फत सङ्कलित दूधका लागि किसानलाई अनुदान उपलब्ध गराइएको हो । यी सहकारीमा बिक्री भएको दूधका किसानलाई सहकारीले दिने दरमा नगरपालिकाको अनुदान थप गरेर दिने व्यवस्था गरिएको छ ।

नगरप्रमुख विष्णुप्रसाद भुसालका अनुसार उत्पादनका आधारमा अनुदान प्रदान गर्दा किसानलाई उत्पादन बढाउन उत्प्रेरित गर्ने भएकाले नगरपालिकाले सोही आधारमा अनुदान उपलब्ध गराउँदै आएको छ । दूधमा अनुदान दिँदा किसानको उत्पादन लागत घटाउन सहयोग पुग्ने र यसले किसानलाई फाइदा पुग्ने र उत्पादन बढाउन हौसला मिल्ने विश्वास नगरपालिकाले लिएको छ ।

कावासोती नगरपालिकाले आगामी आर्थिक वर्षक पनि उत्पादनमा आधारित अनुदानका लागि रु. ५४ लाख बजेट विनियोजन गरेको छ । दूध, माछापालनसहितका कार्यक्रममार्फत किसानलाई अनुदान दिन नगरपालिकाको मङ्गलबार भएको नगरसभाले उक्त रकम विनियोजन गरेको पशु विकास अधिकृत आचार्यले जानकारी दिनुभयो । ***रासस***

## साधारणसभा तथा निर्वाचनसम्बन्धी सूचना

**नेपाल परिवार नियोजन सङ्घ उपत्यका शाखा**को ४६ औँ वार्षिक साधारणसभा तथा निर्वाचन सङ्घको विधानको ७ दफा २५ (५) बमोजिम निम्न स्थान, समय र मितिमा हुने भएको हुँदा यस शाखाका सम्पूर्ण आजीवन तथा साधारण सदस्यहरूलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कार्यक्रम**

मिति : २०८३ साल असार ११ गतेदेखि निर्वाचनको कार्यक्रम तथा २०८३ साल असार २८ गते आइतबार साधारणसभा

स्थान : नेपाल परिवार नियोजन सङ्घ जडिबुटी तरकारी बजार जानेबाटो

समय : दिनको १:०० बजे

**पुनश्च** : निर्वाचनसम्बन्धी कार्यक्रम शाखा कार्यालयमा टाँस गरिएको व्यहोरा जानकारी गराउँदछौँ ।

## सङ्क्षिप्त समाचार

## तराईमा तापक्रम निरन्तर उकालोतिर सतर्कता अपनाउन आग्रह

काठमाडौँ, १० असार । तराई क्षेत्रमा निरन्तर तापक्रम वृद्धि भइरहेको छ । जल तथा मौसम पूर्वानुमान महाशाखाले तराई भेगका सर्वसाधारणलाई तातोबाट जोगिन र सावधानी अपनाउन आग्रह गरेको छ ।

जल तथा मौसम विज्ञान विभागका प्रवक्ता विभूति पोखरेलले आगामी तीन दिनसम्म सुदूरपश्चिम र लुम्बिनी प्रदेशका तराई क्षेत्रमा तातो हावा चल्ने पूर्वानुमान गरिएको जानकारी दिँदै वाग्मती र गण्डकी प्रदेशमा पनि तापक्रम बढ्ने सम्भावना भएकाले सावधानी अपनाउन अनुरोध गर्नुभएको छ ।

आगामी दिनमा धनगढीमा अधिकतम तापत्रमक्रम ४० डिग्री सेल्सियस र नेपालगञ्ज र भैरहवाको तापक्रम ४१ डिग्री सेल्सियस पुग्ने विभागको पूर्वानुमान उहाँले सुनाउनुभयो । वीरेन्द्रनगर र घोराहीको तापक्रम पनि बढ्ने छ ।

ती क्षेत्रका सर्वसाधारणलाई अत्यावश्यक काममा बाहेक दिउँसो घरबाहिर ननिस्कन, पर्याप्त पानी पिउन तथा स्वास्थ्यमा विशेष सावधानी अपनाउन प्रवक्ता पोखरेलले आग्रह गर्नुभएको छ । *रासस*

## राजधानीका टोलटोलमा फिल्म महोत्सव

काठमाडौँ, १० असार । काठमाडौँमा यतिबेला 'टोलटोलमा फिल्म' महोत्सव सुरु भएको छ । आसर ५ गतेदेखि सुरु भएको महोत्सव २६ गतेसम्म जारी रहनेछ ।

काठमाडौँ महानगरपालिकाले काठमाडौँ फिल्म फेस्टिभल (केएफएफ) अन्तर्गत उक्त महोत्सव सुरु गरेको हो । खुलामञ्च, असन, सुन्धारा परिसर, बागबजार, मैतीदेवी मन्दिर, खुला चौर, बालाजु बाइपास, लगनटोल र कीर्तिपुर महाविहारमा महोत्सव सुरु भएको छ ।

महोत्सव चलचित्र विकास बोर्ड, ब्रिटिस काउन्सिल, नेपाल फिल्म एकेडेमी र युनेस्कोको सहकार्यमा भएको हो । मानिसलाई एक सूत्रमा बुन्ने सुन्दर माध्यम कला र संस्कृति भएकाले महोत्सव गर्न लागेको महोत्सवका व्यवस्थापक आयुषा श्रेष्ठले बताउनुभयो ।

उहाँले खुलामञ्चमा सुरु भएको महोत्सवले आम दर्शकलाई कलाप्रति आकर्षण गर्दै आएको जानकारी दिनुभयो । *रासस*

## पच्चीस अर्ब ५५ करोड खर्चेर १० हजार ८४५ विद्युतीय सवारी आयात

काठमाडौँ, १० असार । चालु आर्थिक वर्षको प्रथम ११ महिनामा रु. २५ अर्ब ५५ करोड ९९ लाख १६ हजार बराबरका १० हजार ८४५ वटा विद्युतीय सवारीसाधन आयात भएका छन् ।

भन्सार विभागका अनुसार चालु आर्थिक वर्षको ११ महिनाको अवधिमा ५० किलोवाट क्षमतादेखि २०१ किलोवाट क्षमताका विभिन्न ढाँचाका विद्युतीय सवारीसाधन आयात भएका हुन् ।

उक्त अवधिमा रु. पाँच अर्ब ६५ करोडबराबरका ५० किलोवाट क्षमताका तीन हजार ६८० वटा विद्युतीय वाहन आयात भएका छन् । सोही अवधिमा रु. १६ अर्ब ४९ करोड ७९ लाख ४६ हजार बराबरका ५१ किलोवाटदेखि १०० किलोवाटका छ हजार ३५७ वटा विद्युतीय सवारीसाधन भित्रिएका छन् । *रासस*

## तीन महिनामा एक लाख ८१ हजार नयाँ मतदाता थपिए

काठमाडौँ, १० असार । स्थानीय तह निर्वाचनको पूर्वतयारी थालेको निर्वाचन आयोगले बितेका तीन महिनामा एक लाख ८१ हजार ३६७ नयाँ मतदाता थपिएका बताएको छ । पछिल्लो प्रतिनिधिसभा निर्वाचनपछि ती मतदाता थपिएका हुन् ।

उक्त निर्वाचनपछि १८ हजार छ सय २२ वटा मतदाता नामावली अद्यावधिकका लागि निवेदन प्राप्त भएको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो । गत प्रतिनिधिसभा निर्वाचनमा एक करोड ८९ लाख तीन हजार ६८९ मतदाता कायम थिए ।

आयोगले आगामी स्थानीय तहको निर्वाचनको तयारीका लागि मतदाता नामावली अद्यावधिक, मतदान स्थल तथा मतदान केन्द्र पुनरवलोकनलगायत कार्य सञ्चालन गरिरहेको उहाँले बताउनुभयो ।

स्थानीय तह निर्वाचनको तयारी सम्बन्धमा यही असार ४ गतेको राष्ट्रियसभाको राष्ट्रिय समावेशीकरणको सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको बैठकमा आयोगका पदाधिकारीसँग छलफल भएको थियो ।

निर्वाचन हुने निर्धारित मितिभन्दा कम्तीमा ६ महिना अगावै निर्वाचन घोषणा, समयमा आवश्यक बजेट उपलब्ध गराउने, आयोग तथा मातहतका निकायका रिक्त पद पूर्ति, मतदाता नामावली व्यवस्थापन प्रणाली स्तरोन्नति, आधुनिक उपकरणबाट मतपत्र छाप्ने तथा गलत सूचना प्रवाह हुन नदिन प्रभावकारी संयन्त्र विकास विषयमा सुझावहरू प्रस्तुत भएका थिए । *रासस*



**भित्रीकोट दरबार**
प्युठान जिल्लाको पर्यटकीय गन्तव्य प्युठान नगरपालिका-६ मा अवस्थित ऐतिहासिक भित्रीकोट दरबार । चौबीसे राज्यमध्येको शक्तिशाली मानिने जिल्लाकै ऐतिहासिक स्थल भित्रीकोट दरबार आन्तरिक पर्यटकको गन्तव्यको रूपमा परिचित छ । *तस्बिर: केशर सुनार/रासस*

## ६ हजार बचतकर्ताको रकम फिर्ताका लागि आवेदन

काठमाडौँ, १० असार । काठमाडौँ महानगरपालिकाको सहकारी विभागमा रु. पाँच अर्ब २७ करोड बचत रकम फिर्ताका निम्ति आवश्यक प्रयास गरिदिन छ हजार बचतकर्ताले आवेदन गरेका छन् ।

सहकारी विभागले, बचत फिर्ता गरिदिनेबारेको निवेदकहरूको सङ्ख्या बढ्दै जान थालेको जानकारी दिएको छ । वैशाख १७ देखि हालसम्म रकम फिर्ता गरिदिन माग गरेका छन् ।

विभाग प्रमुख ध्रुवकुमार काफ्लेले दैनिक करिब ३० जनाले उजुरी गर्ने गरेका र धेरै निवेदक साना बचतकर्ता रहेको जानकारी दिनुभयो । साना बचतकर्ताले रु. एक लाखदेखि रु. पाँच लाखसम्म रकम जम्मा गरेका छन् । पछिल्लो समय कामपाले आएका उजुरीकै आधारमा समस्याग्रस्त सहकारीको बचतकर्ताको रकम फिर्ता गर्ने प्रक्रिया सुरु गरेको छ ।

केही दिनअघि मात्रै कामपाले बुद्ध दर्शन सेभिङ एण्ड क्रेडिट कोअपरेटिभ लिमिटेडमार्फत ३४ जना बचतकर्ताको रकम फिर्ता गरिसकेको जनाएको छ । सो सहकारीले रु. एक लाख ५० हजारसम्म बचत गर्ने बचतकर्ताको रकम फिर्ता गरेको हो ।

विभागका अनुसार आगामी एक महिनाभित्र रु. पाँच लाखसम्म बचत गर्नेहरूको रकम फिर्ता गर्ने योजना रहेको छ । साथै ठुला बचतकर्ताका हकमा ऋण असुली प्रक्रिया अघि बढाउँदै बचत फिर्ता गर्ने समन्वय भइरहेको पनि प्रमुख काफ्लेले जानकारी दिनुभयो । सहकारी विभागले उजुरी दर्ता, सञ्चालक र बचतकर्ताबिच छलफल तथा मिलापत्र गराउने कार्य गर्दै आएको छ ।

सहमति हुन नसकेमा आवश्यक कारबाहीका लागि सिफारिस गरिने विभागले जनाएको छ । हाल कामपामा एक हजार ९१२ सहकारी रहेको छ । जम्मा सहकारी सङ्ख्यामा ५० प्रतिशतले मात्रै नियमित रूपमा वार्षिक साधारणसभा गरेको प्रतिवेदन पेस गर्ने गरेका छन् । यसरी दर्ता भएका तर नियमित रूपमा साधारणसभा नगर्ने सहकारीलाई कामपाले कानुनी रूपमा कारबाही प्रक्रिया अघि बढाउने भएको छ । *रासस*

## बर्दघाट क्षेत्रमा वर्षा नहुँदा अत्यधिक गर्मीसहित पानीको हाहाकार

पाल्हीनन्दन (नवलपरासी पश्चिम), १० असार । बर्दघाट सुस्तापश्चिम नवलपरासी क्षेत्रमा दुई हप्तादेखि वर्षा नभई खडेरी लम्बिँदा अत्यधिक गर्मीसहित धानखेतका बिरुवा सुक्न थालेसँगै किसान चिन्तित देखिएका छन् ।

लामो समयदेखि वर्षा नहुँदा पानीको हाहाकार भएको, गर्मी अत्यधिक बढेको र धानखेतमा धाँजा फाटी रोपेका बिरुवा सुक्न थालेपछि स्थानीय किसान चिन्तित देखिएका हुन् ।

खेतमा धाँजा फाटी लगाइएका धानका बिरुवा सुक्न थालेपछि रोपाइँ बन्द गरेको पाल्हीनन्दन-६ निवासी दीनानाथ यादव बताउनुहुन्छ । उहाँका अनुसार यस वर्षको लामो खडेरीसँगै डिपबोरिङ र चापाकलसमेत सुक्न थालेपछि सिँचाइको अतिरिक्त पिउने पानीको समेत समस्या थपिएको छ ।

पाल्हीनन्दन-५ का वडाध्यक्ष दयाशङ्कर त्रिपाठी गण्डक नहरदेखि दक्षिणतर्फका गाउँमा चापाकलमा थारै भए पनि पानी आइदिँदा लत्ताकपडा धुन र नुहाउन राहत मिलेको भए पनि आफ्नो गाउँठाउँतर्फ भने पानीको हाहाकार भएको बताउनुहुन्छ ।

खानेपानीको अभाव भएपछि चन्दा उठाएर मोटर सञ्चालन गरी खानेपानी संस्थानले गाडेको डिप बोरिङबाट पानीको व्यवस्था गर्न बाध्य हुनुपरेको अध्यक्ष त्रिपाठीले जानकारी दिनुभयो ।

अध्यक्ष त्रिपाठीका अनुसार दुई साताभन्दा बढी समयदेखि पानी नपर्दा गर्मी अचाक्ली बढी रोपेको धानका बिरुवा सुक्न थालेपछि बाँकी खेतमा धान रोप्ने काम बन्द गरिएको छ ।

कृषि ज्ञान केन्द्र नवलपरासीका कार्यालय प्रमुख शिवप्रसाद अर्यालले पश्चिमी वायु प्रणाली सक्रिय हुँदा खुसी भई रोपेका धानका बिरुवा सुक्न थालेपछि किसान आत्तिन थालेको बताउनुभयो ।

जिल्लामा अहिलेम्म करिब चालिस प्रतिशत धान रोपाइँको काम सकिएको जानकारी दिँदै प्रमुख अर्यालले भन्नुभयो, "दुई सातादेखि पानी नपर्दा रोपेका धानका बिरुवा सुक्न थालेका छन् । खानेपानीको समेत हाहाकार भइदिँदा किसानसहित स्थानीय जनता आँत्तिएका छन् । बोरिङ र चापाकलसमेत सुक्दा पश्चिम नवलपरासी क्षेत्रमा झन् समस्या देखिएको अवस्था छ ।"

यसैबिच, देशको पूर्वतर्फबाट मनसुन भित्रियो भन्ने खबर सुन्न पाइएको छ भन्दै स्थानीय किसानबाट अब छिट्टै वर्षा भइदिए गर्मी कम हुने, खानेपानी तथा सिँचाइको समस्या समाधान हुने, धानका बिरुवाले जीवन पाउने र कृषि व्यवसायमा सक्रिय भई आनन्द लिन पाउने अपेक्षा गरिएको छ । *रासस*

## ट्राफिक कारबाहीमा १७ लाख २४ हजार राजस्व सङ्कलन

काठमाडौँ, १० असार । बितेका २४ घण्टामा दुई हजार ५५० सवारीचालक सवारी नियम उल्लङ्घनको कारबाहीमा परेका छन् । यसबाट राज्यकोषमा रु. १७ लाख २४ हजार ५०३ राजस्व दाखिला भएको छ ।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार मादकपदार्थ सेवन गरेको १०२, नियमविपरीत 'राइड सेयरिङ' गरेका १४२, सङ्केत बत्ती उल्लङ्घनकर्ता १४० र तीव्रगतिमा सवारीसाधन हुइँक्याएका २०७ जनालाई कारबाही गरिएको हो ।

यसैगरी, 'लेन' अनुशासन पालना नगर्ने ५६, निषेधित क्षेत्रमा हर्न बजाउने १०८, निर्धारित मापदण्डभन्दा बढी धुवाँ फाल्ने सवारीसाधन १४ र सवारीसाधनको अवस्था जाँच नगरी सडकमा निकालिएका सवारी ३५ र अन्य सवारी नियम पालना नगरेका एक हजार ७४६ जनालाई कारबाही गरिएको हो । *रासस*

**हार्दिक समवेदना**



पूर्णकेशरी छुस्याकी
जन्म : १९९९/११/१२
निधन: २०८३/०३/०४



बिकुराम बोहजु
जन्म : २००१/०८/०५
निधन: २०८३/०३/०६

यस समितिका सदस्य सीतालक्ष्मी छुस्याकीकी ममतामयी माता **पूर्णकेशरी छुस्याकी** र अर्का सदस्य शिवराम बोहजुका पूजनीय पिता **बिकुराम बोहजु**को दुःखद निधन भएकोमा मृतकप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना व्यक्त गर्दछ ।

**नेपाल क्रान्तिकारी शिक्षक सङ्घ**
भक्तपुर नगर समिति

।सम्पादकीय।

# सरकार देश र जनताप्रति जिम्मेवार हुनुपर्ने

देशमा प्रत्येक वर्ष सार्वजनिक ऋण थप्दै जाँदा र राज्यसत्ता आर्थिक अनुशासनभन्दा बाहिर जाँदा या बेरूजु बढ्दै गर्दा देशको विकास पछि परेको अर्थविद्हरूको विश्लेषण रहेको छ । जहाँ अधिक ऋण र व्यापार घाटा छ, जहाँ निर्यातभन्दा आयात बढी हुन्छ त्यो सरकारले विकासको मुहान फुटाउन सक्दैन । शासक दलका नेता, मन्त्री, सांसद तथा कार्यकर्ताहरूले देशको पैसा दुरूपयोग गर्ने र जनतामाथि करको भार बढाउने, महँगी बढाउने र सर्वसाधारणको औषधि उपचारमा कञ्जुस्याइँ गर्ने सरकारी कार्यले जनताको विश्वास जित्न सकिँदैन । कुनै देशको सामान आयात र निर्यातमा कमिसन खाने, ठेकेदार र बिचौलियाको भरमा काम गर्ने सरकारको शैली पनि सही होइन ।

धान, गहुँ, मकै, आलु या तरकारीमा उत्पादन बढाएर आत्मनिर्भर गराउनुपर्ने बेला सरकार कृषिको बजेट घटाउँछ । कृषि उत्पादन बढाउने, उद्योग, कारखाना खोलेर रोजगारीको अवसर दिनुपर्नेमा उल्टो उनीहरूमाथि कर थोपरेर जीवन कष्टकर बनाउने नीति सरकारले ल्याएको छ । देशमा भइरहेको भ्रष्टाचार, अनियमितता, कालाबजारी देखेर अनुदान दिने विदेशी दातृ राष्ट्रहरू पनि थाकेका छन् । उनीहरूले सरकार या सत्तारूढ दलमाथि शङ्का गरे, अविश्वास गरे । फलत: आउने अनुदान पनि घट्दै गएको छ । कर्मचारीलाई तलब खुवाउन ऋण लिनुपर्ने अवस्था देशको राम्रो सङ्केत होइन । देशमा सुशासन छैन; अदालतले न्याय दिन सकेन । न्याय दिन अदालत डराइरहेको छ भने जनताले न्यायालयप्रति कसरी विश्वास गर्ने ? राजनीतिक दलको दबाब या प्रभावमा जनतालाई न्याय दिने काम भयो भने त्यो कसरी सह्य र सद्दे हुन्छ ?

समयको गतिसँगै देशको अर्थतन्त्र सुदृढ हुँदै जानुपर्ने हो। सत्तासीन दलले देशको आम्दानीमा दाइँ गर्ने होइन; आफ्ना नेता तथा कार्यकर्ताको विश्वास जित्न उनीहरूलाई जागिर दिने होइन; सकेसम्म देश र जनताको सेवा गर्न र गराउन इमानदारीपूर्वक राजनीति गर्न हौसल्याउने हो । अनुशासन बाहिर गएर जसरी भए पनि अकुत सम्पत्ति कुम्ल्याउने बाटो खनेर या अवसर दिएर कसरी सुशासन हुन्छ ? सरकारले कर्मचारीलाई १० प्रतिशत तलब वृद्धि गरेको छ । सरकारको विरोध कम गराउन कर्मचारीको तलबमात्र बढाउने होइन; कर्मचारीलाई इमानदार बनाउनुपर्छ । घुस लिने र भ्रष्टाचार गर्ने काममा रोक लगाउनुपर्छ । कर्मचारीहरूलाई आ-आफ्नो कार्यालयमा इमानदारीपूर्वक काम गराउन र आ-आफ्नो जिम्मेवारी निर्वाह गर ाउन सरकार लाग्नुपर्छ । हरेक कार्यालयमा घुस नखाइकन, ढिलासुस्ती नगरिकन कर्मचारी र हाकिमले काम गर्छन्; काम गर्न अग्रसर हुन्छन् भने त्यो सकारात्मक पक्ष हो । तर, कति हाकिम र कर्मचारीहरू इमानदारीपूर्वक काम गर्दैनन्; जिम्मेवारी पूरा गर्दैनन्; घुस खानकै निम्ति काममा ढिलासुस्ती गरिएको हुन्छ । कार्यालयमा आउने काम कर्मचारीले बिनाअवरोध, दबाब, खुरूखुरू गर्नुपर्छ; गर्न अग्रसर हुनुपर्छ । कर्मचारी र हाकिमहरू एकातिर सरकारबाट तलब असुल्छन् भने अर्कोतिर ग्राहकबाट थप पैसा असुल्छन् । देशमा भइरहेको यही हो । तर, यो सबै नपा र गापा या सबै सरकारी कार्यालयमा हुन्छन् भन्ने होइन ।

सरकारले देशमै रोजीरोटीको व्यवस्था गर्नुपर्छ । देशमै काम-मामको व्यवस्था भएको भए युवाहरू विदेश पलायन हुने छैनन्; विदेशमा पुगेर दासी जीवन बिताउन बाध्य हुनेछैनन् । महिला बेचबिखन, बालबालिका बेपत्ता पार्ने, हत्या हिंसा गर्ने काम रोक्न सरकारले पहल गर्नुपर्छ । सरकारको काम संसद् आह्वान गर्ने मात्र होइन । भ्रष्टाचार र अनियमितता रोक्ने, भ्रष्टाचारीहरूमाथि कारबाही गर्ने, असल, चरित्रवान, देशभक्त र इमानदार नागरिक र कर्मचारी तयार गर्ने अभियान सरकारले सञ्चालन गर्नुपर्छ । देशका नेता, प्रधानमन्त्री, सांसद, जनप्रतिनिधि, कर्मचारी, कार्यकर्ताहरू नि:स्वार्थी र इमानदार नभएसम्म कुनै पनि सरकार गतिलो हुनेछैन; उनीहरूले देश र जनताप्रति जिम्मेवार भएर काम गर्ने छैनन् । शासकहरू इमानपूर्वक काम गरेर देश जनताको सेवा गर्न जुट्नुपर्छ ?

# शान्ति स्थापना गर्न ‘ग्रेटर इजरायल’ लाई रोक !

✍ जेफ्री डी जाक्स र सिबिल फारेस

*(विस्तारवादी इजरायलले मध्यपूर्वको युद्धमा अमेरिकालाई उल्झाउन छोड्ने छैन ।)*





जून १४ मा संयुक्त राज्य अमेरिका र इरान युद्ध अन्त्य गर्ने रूपरेखामा सहमत भए । हर्मुजको जलडमरु फेरि खोलिनेछ; लेबनानमा बमबारी अन्त्य हुनेछ र सबैभन्दा महत्त्वपूर्ण कुरा नरसंहार रोक्नुपर्छ । इरानका सबैभन्दा वरिष्ठ नेताहरूसहित हजारौँको हत्या गरिएपछि सय दिनभन्दा लामो युद्धले विश्व अर्थतन्त्रलाई नै सङ्कटमा पुर्‍याएको अवस्थामा यो कमजोर युद्धविराम पनि पहिलो प्रकाशजस्तो भएको छ ।

यसलाई स्वागत गरौँ तर यसलाई बुझौँ पनि । यो युद्ध किन भयो र यसभन्दा अघिका युद्धहरूको शृङ्खला बुझ्नको लागि हामीले तिनीहरूको साझा कारणलाई ध्यान दिनुपर्छ । त्यो कारण हो ‘ग्रेटर इजरायल’ । इजरायल देश होइन; एउटा भयानक विचार हो । ‘ग्रेटर इजरायल’ को विचार; इराक, गाजा, लेबनान, सिरिया र इरानमा युद्धको कारण बनेको छ ।

यसले इजरायलको भूभाग सम्पूर्ण ऐतिहासिक प्यालेस्टिनभन्दा पर; जोर्डन नदीदेखि भूमध्यसागरसम्म र छिमेकी देशहरूका केही भागहरूमा पनि फैलिनुपर्छ भन्ने धारणा राख्छ । इजरायलका लागि संयुक्त राज्य अमेरिकाका राजदूत माइक हक्काबीका अनुसार, जो एक कट्टरपन्थी प्रोटेस्टेन्ट हुन् र जसको भूराजनीतिक कम्पास ५०० ईसा पूर्वका बाइबलीय ग्रन्थहरूद्वारा निर्धारित छ; ‘ग्रेटर इजरायल’ नाइल (इजिप्ट) नदीदेखि युफ्रेटिस (इराक) नदीसम्म फैलिएको छ । गत ग्रीष्ममा, इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले प्यालेस्टिनी क्षेत्रहरू र छिमेकी अरब भूमिहरू लिने ‘ग्रेटर इजरायल’ को दर्शनसँग ‘धेरै’ समर्पित भएको दाबी गरे ।

यो हास्यास्पद र खतरनाक सिद्धान्तका दुई अभिभावक छन् । पहिलो, नेतन्याहुजस्ता धर्मनिरपेक्ष कट्टरपन्थीहरू जसले भन्छन् कि इजरायलले सुरक्षित रहन (जोर्डन) नदीदेखि (भूमध्यसागर) समुद्रसम्मको सबै भूमि नियन्त्रण गर्नुपर्छ; चाहे ८० लाख प्यालेस्टिनीहरूलाई जेसुकै होस् !

दोस्रो, इजरायली अर्थमन्त्री बेजालेल स्मोट्रिच र राष्ट्रिय सुरक्षामन्त्री इटामर बेन-गभिरको यहुदी सर्वोच्चतावादी विचार हो कि “परमेश्वरले यहुदीहरूलाई मात्र भूमि दिनुभयो” । स्मोट्रिचको शब्दमा “प्यालेस्टिनी भन्ने जस्तो केही पनि छैन ।” हालै इजरायलले आफ्नो पतन हुँदै गएको विश्वव्यापी हैसियतलाई कसरी जवाफ दिने भनेर सोधिएको प्रश्नमा, स्मोट्रिचले इजरायलले वेस्ट बैङ्क (पश्चिम किनारा), गाजा, लेबनानी वा सिरियाली क्षेत्रको सैन्य नियन्त्रण त्याग्ने छैन भनेर वाचा गरे, “हामी उनीहरूलाई खुसी पार्न आत्महत्या गर्दैनौँ ।”

‘ग्रेटर इजरायल’ भनेको एउटै कार्यक्रममा गाँसिएको पागलपन (Paranoia), महामनोविश्वास (Megalomania) र धार्मिक जोश हो । दशकौँअघि यसको पहिलो प्रचारप्रसारमा नै यो सिद्धान्तलाई अस्वीकार गरिनुपर्थ्यो । बरु, झन् यसले तीन दशकदेखि इजरायलको विदेश र सैन्य सिद्धान्तलाई चलाएको छ र आजसम्म पनि जीवित छ किनभने नेतन्याहुले अमेरिकालाई पनि यसमा सँगै लगेका छन् ।

उनले यो कामद्वारा दुई अमेरिकी निर्वाचन क्षेत्रलाई काबुमा लिएका छन् : पहिलो, इजरायललाई माया गर्ने र उसलाई जेमा पनि क्षमा गर्ने यहुदी जियोनिस्टहरू । दोस्रो, कुनै पनि जीवित प्यालेस्टिनी वा इजरायली (नै किन नहोस्) भन्दा पनि समयको अन्त्य/प्रलय (End Times) र क्राइस्टको दोस्रो आगमन (Second Coming of Christ) को भविष्यवाणी मन पराउने क्रिश्चियन जियोनिस्टहरू पर्छन् ।

भ्रमले भ्रममा पुर्‍याएको छ र बाटो एउटा युद्धबाट अर्को युद्धमा गएको छ । हामी यो असफलताको ३० औँ वर्षमा छौँ ।

इरानविरुद्धको युद्ध पछिल्लो ‘ग्रेटर इजरायल’ को कल्पना मात्र थियो । ९ करोड जनताको सरकार एकै दिनमा ढाल्नुपर्ने थियो । निश्चय पनि, त्यस्तो भएन । फेब्रुअरी २८ मा इजरायली र अमेरिकी बमले इरानका नेताहरूलाई मारे तर यसले वाचा गरिएको सत्ता विप्लव प्रदान गर्न सकेन । यसको परिणामस्वरूप हजारौँको मृत्यु भयो; हर्मुजको जलडमरु अवरुद्ध भयो र विश्वव्यापी तेल आपूर्तिमा धक्का लाग्यो ।

हामीले यो चलचित्र पहिले पनि हेरेका छौँ । सिरियामा राष्ट्रपति बसर अल-असदलाई हटाउने इजरायली-अमेरिकी योजना पनि छिटो, बढीमा एक वा दुई वर्षमा हुने भनिएको थियो । यसको सट्टा, इजरायलको उत्कट समर्थनमा सीआईएद्वारा सशस्त्र र वित्तपोषित गोप्य युद्धले भरिएको दर्जनौँ वर्षको नरसंहार भयो । परिणामस्वरूप एउटा प्राचीन देश भग्नावशेषमा परिणत भयो । एकदिने जीतहरूको वाचा सधैँ दशक-लामो चिहानमा परिणत हुन्छन् ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प ‘ग्रेटर इजरायल’ को भ्रममा सामेल भएर पीडित भएका छन् र उनलाई यो थाहा छ । इरानसँगको नयाँ सम्झौता उसको भाग्ने भल्भ (Escape Valve) हो; कहिल्यै जित्न नसक्ने मूर्ख युद्धबाट बाहिर निस्कने बाटो ।

त्यसैले त ‘ग्रेटर इजरायल’ का राजनीतिज्ञहरूले नयाँ सम्झौतालाई कोक्रोमै घाँटी थिच्न खोजिरहेका छन्; किनकि इरानसँगको शान्ति ‘ग्रेटर इजरायल’ को हार हो । सम्झौता हस्ताक्षर भएपछि पनि, इजरायलले लेबनानमा बमबारी जारी राखेको छ; शुक्रबार एकै दिनमा ४७ जनाको मृत्यु भएको छ र शनिबार लेबनान-इजरायल युद्धविराम लागु भएको केही घण्टापछि थप ३२ जनाको मृत्यु भएको छ ।

गहिरो सत्य यो हो : ‘ग्रेटर इजरायल’ ले इजरायललाई बचाउँदैन । यसले उसलाई मारिरहेको छ । ट्रम्प र नेतन्याहुबिचको अहिले देखिएको तनाव सतही मात्र हो । यसको मुनि विश्वभर इजरायलको प्रतिष्ठाको पतन लुकेको छ । हालै गरिएको प्यू राय सर्वेक्षण (Pew opinion Survey) अनुसार, विश्वमा अहिले इजरायलप्रति अत्यधिक प्रतिकूल दृष्टिकोण छ । इजरायलको अपरिहार्य संरक्षक अमेरिकामा १० मध्ये ६ वयस्कले उसलाई प्रतिकूल रूपमा हेर्छन् ।

संसारबाट घृणित र आफ्नो एकमात्र संरक्षकबाट पनि आफूलाई घृणित बनाउने राज्यले सुरक्षाको खोजी गरिरहेको छैन । आफ्नै अस्तित्वलाई खतरामा पार्दै उसले भ्रमको पोषण गर्दै छ ।


त्यसैले, पश्चिम एसियामा शान्तिको बाटो भनेको ‘ग्रेटर इजरायल’ लाई रोक्नु हो । इरानविरुद्धको युद्ध अन्त्य गर; गाजामा भइरहेको नरसंहार रोक र पश्चिम किनाराको घाँटी थिच्ने काम रोक । सबैभन्दा महत्त्वपूर्ण कुरा, ‘ग्रेटर इजरायल’ दर्शनले निषेध गरेको काम गर ! जसको उद्देश्य सन् १९६७ को रेखामा इजरायल राज्यसँगै संयुक्त राष्ट्र सङ्घको १९४ औँ सदस्य राष्ट्रको रूपमा प्यालेस्टिन राज्य सिर्जना गर्नु हो जसमा दुवै देशहरूको लागि वास्तविक सुरक्षा र यसको ग्यारेन्टी गर्ने क्षेत्रीय ढाँचा समावेश हुनुपर्छ; जसमा लेबनान र सिरियाबाट पनि इजरायल पछि हट्ने (Withdrawal) विषय समावेश हुनुपर्छ ।

इरान युद्धविरामले यो मुद्दालाई कमजोर बनाउँछ । यो युद्धभूमिमा होइन तर मध्यस्थताबाट जितिएको थियो । यो सम्भव भयो जब वासिङटनले ‘ग्रेटर इजरायलको’ युद्धभन्दा बढी शान्ति चाहियो भन्ने निर्णय गर्‍यो ।

इजरायल रहन सक्छ तर ‘ग्रेटर इजरायल’ को रूपमा होइन; जुन एक विनाशकारी विचार हो जसले उसलाई र अमेरिकालाई एक युद्धबाट अर्को युद्धमा पुर्‍याएको छ ।

आज आशाको किरण यथार्थमा परिणत भएको छ । अब साँच्चिकै बिहानी हुन्छ कि हुँदैन भन्नेमा अमेरिकाले अन्तत: प्यालेस्टिनलाई जन्मन दिन्छ कि दिँदैन भन्ने कुराले नै इजरायललाई बाँच्न दिन्छ कि दिँदैन भन्ने निर्भर हुन्छ । अरब संसार र इरानले अमेरिकालाई ‘ग्रेटर इजरायल’ सँग सम्बन्ध तोड्नु नै दिगो शान्तिको एक मात्र बाटो हो भनेर जोड दिइरहनुपर्छ ।

*- ‘अल जजीरा’ बाट*



# भक्तपुर नगरपालिकाको आ.व. २०८३/८४ को बजेट वक्तव्य

भक्तपुर नगरपालिकाको यस गरिमामय २० औं नगरसभामा उपस्थित सम्पूर्ण सभासद्हरू, कर्मचारी मित्रहरू, सञ्चारकर्मीहरू तथा उपस्थित सम्पूर्णमा म हार्दिक स्वागत एवं अभिवादन व्यक्त गर्दछु ।

नेपालको संविधान कार्यान्वयनमा आएपछि भएको दोस्रो स्थानीय तहको निर्वाचनबाट हामी निर्वाचित भएको ४ वर्ष पूरा भई पाँचौँ वर्षमा प्रवेश गरेका छौँ । यो हाम्रो कार्यकालको अन्तिम वर्ष हो र यस कार्यकालको अन्तिम बजेट प्रस्तुत गर्ने अवसर प्राप्त भएकोमा म गौरव महसुस गर्दछु ।

प्रजातन्त्र पुन:स्थापना र लोकतन्त्रका लागि भएका विभिन्न चरणबद्ध जनआन्दोलन र सङ्घर्षहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै, विभिन्न कालखण्डमा कठोर जेल जीवन बिताउनुहुने, प्रवास र भूमिगत रहेर राजनीतिक एवं सामाजिक परिवर्तनमा अतुलनीय योगदान पुऱ्याउनुहुने सम्पूर्ण अग्रज योद्धाहरूप्रति उच्च सम्मान प्रकट गर्दछु ।

हामी नेपाल मजदुर किसान पार्टीको सिद्धान्त र विचारलाई आत्मसात् गर्दै जनताको सेवामा नि:स्वार्थ भावले लागिरहेका छौँ । पार्टीका अध्यक्ष एवं वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छें (रोहित) द्वारा लिखित 'सय वर्षपछिको भक्तपुर' र पार्टीको घोषणापत्रले हामीलाई सधैँ सही दिशामा काम गर्न मार्गनिर्देश गरिरहेको छ ।

भक्तपुरलाई विश्वकै एक जीवन्त सङ्ग्रहालय र नाचगानको राजधानीको रूपमा चिनाउन योगदान पुऱ्याउनुहुने सम्पूर्ण नगरवासी र अग्रजहरूप्रति हामी कृतज्ञ छौँ । भक्तपुरका मूर्त तथा अमूर्त सम्पदाहरूको संरक्षण र संवर्द्धन गरी नयाँ पुस्तालाई हस्तान्तरण गर्नु हामीले आफ्नो मुख्य कर्तव्य र जिम्मेवारी ठानेका छौँ ।

नगरपालिकाका स्रोत र साधनहरू सीमित छन् तर जनताका आवश्यकताहरू असीमित छन् । यिनै सीमित स्रोत र साधनको उच्चतम उपयोग गर्दै हामीले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, सरसफाइ र पर्यटनजस्ता आधारभूत आवश्यकताहरूलाई उच्च प्राथमिकतामा राखेर कार्य गर्दै आएका छौँ । नगरवासीहरूको रचनात्मक सल्लाह, सुझाव र आलोचनालाई आत्मसात् गर्दै हामी भक्तपुरको सर्वाङ्गीण विकासको निम्ति अगाडि बढिरहेका छौँ ।

अब म चालू आ.व. २०८२/८३ को बजेट कार्यान्वयनको सङ्क्षिप्त समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. चालू आ.व. २०८२/८३ का लागि कुल २ अर्ब ४७ करोड ३१ लाख रूपैयाँको अनुमानित बजेट तयार गरिएको थियो । जसमध्ये नगरपालिकाको आन्तरिक आयतर्फ ६४ करोड ७१ लाख रूपैयाँ आम्दानी हुने अपेक्षा गरिएकोमा २०८३ जेठ मसान्तसम्ममा ४८ करोड १८ लाख रूपैयाँ यथार्थ आम्दानी भयो, जुन अनुमानित आम्दानीको ७४.४७ प्रतिशत हुन आउँछ । सम्पत्ति तथा भूमिकर, घर बहाल कर, पर्यटन सेवा शुल्क, व्यवसाय कर, नगरपालिकाद्वारा उत्पादित कम्पोस्ट मल बिक्री, पार्किङ तथा जल मनोरञ्जन शुल्क, छायाङ्कन दस्तुरलगायतमा चालू आ.व.का लागि अनुमान गरिएबमोजिम आम्दानी भएको देखिन्छ ।

२. बाह्य स्रोततर्फ राजस्व बाँडफाँडमा सङ्घ, प्रदेश र मालपोत रजिस्ट्रेसनसमेत गरी २४ करोड ११ लाख अनुमान गरिएकोमा चालू आ.व.को जेठ मसान्तसम्ममा १६ करोड ४९ लाख रूपैयाँ प्राप्त भई ६८.३९ प्रतिशत प्रगति भयो । राजस्व बाँडफाँडसमेत नेपाल सरकार र प्रदेश सरकारबाट वित्तीय समानीकरण, सशर्त, समपूरक र विशेष अनुदान, सामाजिक सुरक्षा भत्ता, सडक बोर्ड नेपालबाट गरी कुल बाह्य स्रोत रु. १ अर्ब ५० करोड १३ लाख प्राप्त हुने अनुमान गरिएकोमा चालू आ.व.को जेठ मसान्तसम्ममा कुल १ अर्ब २१ करोड ९५ लाख अर्थात् ८१.२३ प्रतिशत आम्दानी भएको जानकारी गराउँदछौँ ।

३. चालू आ.व. २०८२/८३ मा चालू खर्चतर्फ रु. १ अर्ब ५२ करोड ५३ लाख विनियोजन गरिएकोमा २०८३ जेठ मसान्तसम्मको कुल चालू खर्च १ अर्ब ९ करोड ६८ लाख अर्थात् ७२ प्रतिशत भएको छ । असार मसान्तसम्ममा चालू खर्च बढेर रु. १ अर्ब २४ करोड ९० लाख (८२ प्रतिशत) खर्च हुने संशोधित अनुमान छ ।

४. पुँजीगत खर्चतर्फ चालू आ.व. २०८२/८३ मा रु. ८० करोड ४८ लाख विनियोजन गरिएकोमा २०८३ जेठ मसान्तसम्ममा रु. ४५ करोड ४६ लाख अर्थात् ५६ प्रतिशत यथार्थ खर्च भयो भने असार मसान्तसम्ममा उक्त खर्च बढेर रु. ५४ करोड ५३ लाख हुने संशोधित अनुमान छ । जुन कुल विनियोजित पुँजीगत खर्चको ६८ प्रतिशत हुन्छ ।

५. वित्तीय व्यवस्थातर्फ चालू आ.व. २०८२/८३ मा रु. १४ करोड ३० लाख विनियोजन गरिएकोमा २०८३ जेठ मसान्तसम्ममा रु. १० करोड ६३ लाख अर्थात् ७४ प्रतिशत खर्च भएको छ ।

६. चालू, पुँजीगत र वित्तीय व्यवस्थातर्फको खर्च जोड्दा असार मसान्तसम्ममा रु. १ अर्ब ९० करोड ७ लाख गरी कुल बजेटको ७७ प्रतिशत खर्च हुने संशोधित अनुमान गरिएको छ । पुँजीगततर्फका सम्पदा पुन:निर्माणसँग सम्बन्धित धेरै योजनाहरू तथा नगरस्तरीय गौरवका योजनाहरू चालू आ.व.मा सुरु भइसकेको र आगामी आ.व.का लागि क्रमागत योजनामा पर्ने भएकोले यथार्थ खर्च अझै बढ्ने देखिन्छ ।

अब म यस गरिमामय सभामा आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा रही बजेटको विस्तृत विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।



रजनी जोशी, उप-प्रमुख, भनपा

**आर्थिक वर्ष २०८३/८४ को बजेटका मुख्य उद्देश्य तथा प्राथमिकताहरू**

**१. शिक्षा** : नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्थाहरूमा न्यून शुल्कमा गुणस्तरीय शिक्षा दिने, ख्वप मेडिकल कलेज स्थापनाको लागि पहल र इतिहास, संस्कृति तथा राजनीतिशास्त्रजस्ता विषय अध्ययन गर्नेलाई पूर्ण छात्रवृत्ति दिइनेछ ।

**२. स्वास्थ्य सेवामा विस्तार** : ख्वप अस्पतालमा एम.आर.आई. (MRI) मेसिन खरिद र डायलाइसिस सेवा विस्तारलाई प्राथमिकता दिइएको छ । नगरवासीलाई नि:शुल्क रगत र अक्सिजन वितरणलाई निरन्तरता दिँदै शव वाहन सेवा नि:शुल्क उपलब्ध गराइनेछ ।

**३. सम्पदा र संस्कृति संरक्षण** : 'पुर्खाले सिर्जेको सम्पत्ति : हाम्रो कला र संस्कृति' भन्ने नाराका साथ ऐतिहासिक थन्थु दरबार, ९९ चोक र नवदुर्गा द्योछेँजस्ता सम्पदाहरूको पुन:निर्माण तथा जीर्णोद्धार गरिनेछ । परम्परागत शैलीमा घर बनाउने नागरिकलाई आर्थिक अनुदान दिइनेछ ।

**४. भौतिक पूर्वाधार निर्माण** : नगरपालिकाको गौरवको आयोजनाका रूपमा रहेको अरनिको सभाभवन निर्माण गर्न बजेट विनियोजन गरिएको छ । हनुमन्ते र कासन खोलामा टेवा पर्खाल निर्माण गर्ने र नगरका भित्री सडकहरूमा ढुङ्गा/इँटा छपाउने कार्यलाई तीव्रता दिइनेछ ।

**५. वातावरण तथा सरसफाइ** : फोहोरमैला व्यवस्थापनका लागि कुहिने फोहोरबाट कम्पोस्ट मल उत्पादन गर्ने र ढल प्रशोधन पोखरीहरू ( सल्लाघारी र हनुमानघाट) निर्माण गरी फोहर पानी उपचार गरिनेछ ।

**६. पर्यटन प्रवर्द्धन** : भक्तपुरलाई 'जीवन्त सङ्ग्रहालय' को रूपमा स्थापित गर्न सांस्कृतिक क्यालेन्डर निर्माण गर्ने, विभिन्न उत्सवहरू आयोजना गर्ने र रात्रिकालीन पर्यटनका लागि सम्पदा क्षेत्रमा बत्तीको व्यवस्था गरिनेछ ।

**७. युवा स्वरोजगार र उद्यमशीलता** : युवाहरूलाई विदेश पलायनबाट रोक्न विभिन्न सीपमूलक तालिमहरू दिने र सहुलियतपूर्ण 'उद्यमशील ऋण' उपलब्ध गराई स्वरोजगार बनाउने नीति अवलम्बन गरिनेछ ।

**८. सामाजिक न्याय र सुशासन** : महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र विपन्न वर्ग लक्षित कार्यक्रमहरू सञ्चालनमा ल्याइनेछ । नगरपालिकाको सेवालाई डिजिटल प्रविधिमा आधारित र जनमुखी बनाउँदै सुशासन कायम गरिनेछ ।

**आगामी आर्थिक वर्ष २०८३/८४ को आयतर्फको विस्तृत अनुमान**

भक्तपुर नगरपालिकाले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि कुल २ अर्ब ५५ करोड रूपैयाँको बजेट परिचालन गर्ने लक्ष्य राखेको छ । यो बजेट नगरपालिकाको आन्तरिक स्रोत, सङ्घीय र प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँड, विभिन्न अनुदान र चालू वर्षको बैङ्क मौज्दातबाट व्यवस्थापन गरिनेछ । *( आन्तरिक आयको विस्तृत विवरण अनुसूची १ र बाह्य स्रोतको विस्तृत विवरण अनुसूची २ मा संलग्न गरिएको छ ।)*

**१. आन्तरिक आय** : नगरपालिकाले आफ्नो आन्तरिक स्रोतबाट कुल ६९ करोड २० लाख रूपैयाँ सङ्कलन गर्ने अनुमान गरिएको छ । यसअन्तर्गत निम्न क्षेत्रहरूलाई मुख्य आधार बनाइएको छ :

- **राजस्व :** घरजग्गा मूल्याङ्कनमा आधारित सम्पत्ति कर, भूमिकर, व्यवसाय कर र घर बहाल करलाई आन्तरिक आयको मुख्य आधार मानिएको छ ।
- **सेवा शुल्क तथा दस्तुर :** पर्यटन सेवा शुल्क, जग्गा बिक्री, नगरपालिकाद्वारा सञ्चालित विभिन्न कार्यक्रमबाट हुने आय र नगरपालिकाले उत्पादन गर्ने कम्पोस्ट मल बिक्रीबाट हुने आम्दानी यसमा समावेश गरिएको छ ।
- **अन्य शुल्कहरू :** पार्किङ शुल्क, मनोरञ्जन कर, विज्ञापन दस्तुर र विभिन्न प्रशासनिक सिफारिस शुल्कहरूलाई पनि आयको स्रोतमा समेटिएको छ ।
- नगरपालिकाले करको दर बढाउनुभन्दा पनि करको दायरा विस्तार गर्ने र करदाताहरूलाई राहत दिने गरी समय सापेक्ष परिमार्जन गर्ने नीति लिएको छ ।

२. राजस्व बाँडफाँडअन्तर्गत सङ्घीय सरकार, प्रदेश सरकार र मालपोत रजिस्ट्रेसन शुल्क समेतबाट कुल २४ करोड ९१ लाख प्राप्त हुने अनुमान छ ।

**३. अनुदान सहायता (सङ्घ र प्रदेश)** : नगरपालिकाको विकास र प्रशासनिक कार्यका लागि प्राप्त हुने विभिन्न अनुदानहरू यसप्रकार छन् :

- **वित्तीय समानीकरण अनुदान :** सङ्घीय सरकारबाट १९ करोड ७५ लाख र प्रदेश सरकारबाट १ करोड ९० लाख गरी कुल २१ करोड ६५ लाख प्राप्त हुने अनुमान छ ।
- **सशर्त अनुदान :** शिक्षा, स्वास्थ्यलगायतका तोकिएका क्षेत्रमा खर्च गर्ने गरी सङ्घीय सरकारबाट ४७ करोड २० लाख र प्रदेश सरकारबाट १६ करोड ३७ लाख गरी कुल ६३ करोड ५७ लाख प्राप्त हुने अनुमान छ ।
- **समपूरक र विशेष अनुदान :** सङ्घीय र प्रदेश सरकारबाट विभिन्न भौतिक निर्माणका लागि समपूरक र विशेष अनुदानबापत कुल ३ करोड ११ लाख प्राप्त हुने अनुमान गरिएको छ ।

**४. अन्य स्रोत** :

- **सामाजिक सुरक्षा भत्ता :** ज्येष्ठ नागरिक, एकल महिला, दलित र अपाङ्गता भएका व्यक्तिहरूका लागि वितरण गरिने सामाजिक सुरक्षा भत्ताबापत नेपाल सरकारबाट ३५ करोड प्राप्त हुनेछ ।
- **बैङ्क मौज्दात :** चालू आर्थिक वर्षको अन्त्यसम्ममा खर्च भई बाँकी रहने अनुमानित ३४ करोड १५ लाख आगामी वर्षको योजना कार्यान्वयनका लागि परिचालन गरिनेछ ।
- **सडक बोर्ड :** सडक मर्मत र स्तरोन्नतिका लागि सडक बोर्ड नेपालबाट ४० लाख प्राप्त हुने अनुमान छ ।

**आगामी आ.व. २०८३/८४ को व्ययतर्फको विस्तृत अनुमान** :

आगामी आ.व. २०८३/८४ को लागि चालूतर्फ १ अर्ब ५५ करोड ८९ लाख अर्थात् ६१.१३ प्रतिशत र पुँजीगततर्फ ९३ करोड ३१ लाख अर्थात् ३६.६० प्रतिशत तथा वित्तीयतर्फ ५ करोड ८० लाख (२.२७ प्रतिशत) विनियोजन गरिएको छ । *(चालू खर्चको विस्तृत विवरण अनुसूची ३ र पुँजीगत खर्चको विस्तृत विवरण अनुसूची ४ मा संलग्न छ ।)*

**शिक्षातर्फ** :

भक्तपुर नगरपालिकाले शिक्षा क्षेत्रलाई आफ्नो पहिलो प्राथमिकतामा राख्दै आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रमअनुरूप बजेट विनियोजन गरेको छ । नगरपालिकाले भक्तपुरलाई एक उत्कृष्ट शैक्षिक गन्तव्य बनाउने लक्ष्यका साथ शिक्षा क्षेत्रका मुख्य कार्यक्रम र योजनाहरू देहायबमोजिम तय गरेको छ :-

**१. शैक्षिक क्षेत्रको विकास र विस्तार :**

- सामुदायिक विद्यालयका ईसीडी दरबन्दीका शिक्षक तथा विद्यालय कर्मचारीहरूलाई प्रोत्साहित गर्न हाल दिइआएको रकममा प्रतिमहिना रु. १००० का दरले थप्न आवश्यक बजेटको व्यवस्था गरिएको छ ।
- नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्थाहरूमार्फत न्यून शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्दै नयाँ-नयाँ विषयहरू थप गर्दै लगिनेछ ।
- ख्वप मेडिकल कलेज सञ्चालनका लागि सल्लाघारीस्थित १०८ रोपनी जग्गा उपलब्ध गराउन आवश्यक पहल जारी राखिनेछ ।

**२. छात्रवृत्ति तथा अनुसन्धान वृत्ति**

- इतिहास, भूगोल, संस्कृति, राजनीतिशास्त्र, अर्थशास्त्र र दर्शनशास्त्रजस्ता देशका लागि आवश्यक विषय अध्ययन गर्ने विद्यार्थीहरूलाई पूर्ण छात्रवृत्ति प्रदान गर्ने नीतिलाई निरन्तरता दिइएको छ । यस वर्षदेखि अर्बान डिजाइन एन्ड कन्जरभेसन विषयमा उच्च शिक्षा अध्ययन गर्ने नगरवासी विद्यार्थीहरूका लागि छात्रवृत्तिको व्यवस्था गरिएको छ ।
- विभिन्न विषयमा अध्ययन-अनुसन्धान गर्ने विद्यार्थीहरूलाई अनुसन्धान वृत्ति प्रदान गरिनेछ । गरिब, जेहनदार र खेलकुदमा पदक प्राप्त गर्ने विद्यार्थीहरूलाई विशेष छात्रवृत्तिको व्यवस्था मिलाइएको छ ।

**३. भौतिक पूर्वाधार र प्रविधिमैत्री शिक्षा**

- सामुदायिक विद्यालयहरूको भौतिक पूर्वाधार सुधारका लागि वाग्मती प्रदेश सरकार र नगरपालिकाको आन्तरिक स्रोतबाट बजेट विनियोजन गरिएको छ । विद्यालयहरूलाई प्रविधिमैत्री बनाउन स्मार्ट बोर्ड, एआई (AI) तालिम र सूचना प्रविधिको विस्तारमा जोड दिइनेछ । सामुदायिक विद्यालयहरूमा विज्ञान, गणित र सामाजिक प्रयोगशालाहरू स्थापना गरिनेछ ।

**४. स्थानीय पाठ्यक्रम र जीवनोपयोगी शिक्षा**

- स्थानीय पाठ्यक्रममार्फत नेपालभाषा र लिपि अध्यापनलाई निरन्तरता दिँदै शिक्षकहरूलाई तालिम र सामग्री उपलब्ध गराइनेछ । विद्यार्थीहरूमा सम्पदा संरक्षणको भावना जगाउन 'एक विद्यालय, एक सम्पदा सरसफाइ' कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**५. विद्यार्थी सहयोग र सामाजिक सुरक्षा**

- उच्च शिक्षा अध्ययनका लागि प्रदान गरिँदै आएको शैक्षिक ऋणलाई निरन्तरता दिँदै अधिकतम ७ लाखसम्म ऋणको सीमा वृद्धि गरी सोमा लाग्ने ब्याज आ.व. २०८३/८४ देखि ४ प्रतिशत कायम गरिनेछ ।
- वडा तहमा बालबालिकाहरूका लागि गृहकार्य कक्षा र वडा नं १० मा थप शिशु स्याहार केन्द्र सञ्चालनमा ल्याइनेछ ।
- अपाङ्गता भएका विद्यार्थीहरूका लागि विशेष शिक्षा र अपाङ्ग सहायक सामग्रीहरू वितरण गरिनेछ ।

शिक्षा क्षेत्रका यी समग्र कार्यक्रमहरूका लागि नगरपालिकाले कुल बजेटको २२.०६ प्रतिशत अर्थात् ५६ करोड २७ लाख ४० हजार विनियोजन गरिएको छ ।

**स्वास्थ्यतर्फ** :

भक्तपुर नगरपालिकाले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि स्वास्थ्य उपचार सेवामार्फत 'जनताको सेवा' लाई उच्च प्राथमिकता दिएको छ । नगरपालिकाले नागरिकहरूलाई सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न चालू राखेका र नयाँ प्रस्ताव गरेका मुख्य योजनाहरू यसप्रकार रहेका छन् :

**१. ख्वप अस्पतालको स्तरोन्नति र आधुनिक सेवा**

- नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पताललाई आधुनिक सुविधायुक्त बनाउन र विशेषज्ञ सेवा विस्तार गर्न जोड दिइनेछ । यसै आर्थिक वर्षभित्र एम.आर.आई. (MRI) सेवा र आई.सी.यू. ( ICU) सेवा सञ्चालन गरिनेछ । सोका लागि कुल २३ करोड रूपैयाँ विनियोजन गरिएको छ ।
- अस्पताल परिसरमा आवश्यक सहायक पूर्वाधारहरू, क्यान्टिन ब्लक र एम.आर.आई. भवनको निर्माण कार्य सम्पन्न गर्न बजेटको व्यवस्था गरिएको छ ।
- मृगौला रोगीहरूको सहज उपचारका लागि डायलाइसिस सेवालाई विस्तार गर्ने र आवश्यक उपकरणहरू थप गर्ने नीति लिइएको छ ।

**२. वडास्तरमा स्वास्थ्य सेवा र पूर्वाधार**

- नगरका वडा-वडामा रहेका स्वास्थ्य केन्द्रहरूलाई क्रमश: स्तरोन्नति गर्दै विशेषज्ञ चिकित्सकबाट उपचार सेवा उपलब्ध गराइनेछ ।
- वडा नं. ७ को खँचामा आधारभूत स्वास्थ्य केन्द्र सञ्चालनमा ल्याइनेछ । साथै वडा नं. १ स्थित नपली आधारभूत स्वास्थ्य केन्द्रमा आँखा उपचार सेवा विस्तारको लागि बजेट विनियोजन गरिएको छ ।

**३. सामुदायिक स्वास्थ्य र नसर्ने रोग नियन्त्रण**

- नगरवासीहरूमा बढ्दो रूपमा देखिएका मधुमेह (चिनी रोग), उच्च रक्तचाप र कोलेस्ट्रोलजस्ता नसर्ने रोगहरूको अध्ययन-अनुसन्धान गरिनेछ ।
- प्रत्येक नागरिकको स्वास्थ्य विवरण प्रोफाइल ( Health Profile) तयार पारिनेछ ।
- क्यान्सर, मृगौला, नाक, कान, घाँटी र श्वासप्रश्वाससम्बन्धी रोगहरूको पहिचानका लागि नियमित रूपमा स्वास्थ्य शिविरहरू सञ्चालन गरिनेछ । नगरपालिकाले सञ्चालन गर्दै आएको 'घरदैलो नर्सिङ सेवा' लाई थप व्यवस्थित र प्रभावकारी बनाउँदै लगिनेछ ।

**४. नि:शुल्क सेवा तथा सामाजिक सुरक्षा**

- नगरवासीहरूलाई आवश्यक पर्ने रगत र अक्सिजन नि:शुल्क उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइएको छ ।
- नगरवासीहरूका लागि मनोपरामर्श सेवा र शव वाहन सेवा नि:शुल्क उपलब्ध गराइनेछ ।
- क्यान्सर, मुटुरोग, मस्तिष्कघात, मेरुदण्ड, मृगौला रोगजस्ता जटिल रोग लागेका बिरामीहरूलाई दिँदै आएको आर्थिक सहयोगलाई निरन्तरता दिइनेछ ।
- ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूका लागि नगरपालिकाका अस्पताल तथा स्वास्थ्य केन्द्रहरूमा सहज र प्राथमिकताका साथ उपचार पाउने व्यवस्था मिलाइनेछ ।

**५. अन्य विशिष्ट सेवाहरू**

- ख्वप तिलगङ्गा आँखा अस्पतालको स्तरोन्नतिको लागि स्वास्थ्य उपकरण उपलब्ध गराइनेछ ।
- आयुर्वेदिक तथा वैकल्पिक उपचार पद्धतिलाई प्रवर्द्धन गर्न नागरिक आरोग्य केन्द्र र श्वासप्रश्वास पुन:स्थापना केन्द्रको सेवा विस्तार गरिनेछ ।
- महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविका र फोहोरमैला व्यवस्थापनमा खटिने कर्मचारीहरूको नियमित स्वास्थ्य परीक्षण र उपचारको प्रबन्ध मिलाइनेछ ।

स्वास्थ्य क्षेत्रका यी समग्र कार्यक्रमहरूका लागि रु. ३५ करोड ६४ लाख अर्थात् १३.९७ प्रतिशत बजेट विनियोजन गरिएको छ ।

**सम्पदा र सांस्कृतिक संरक्षण** :

भक्तपुर नगरपालिकाको आगामी आर्थिक वर्ष २०८३/८४ का लागि सम्पदा र सांस्कृतिक संरक्षण खण्डको विस्तृत विवरण यहाँ प्रस्तुत छ :

**१. नीतिगत पहल तथा सांस्कृतिक पहिचान**

- भक्तपुरलाई सांस्कृतिक नगर घोषणा गर्न आवश्यक कानुनी र प्रशासनिक पहल अगाडि बढाइनेछ ।
- भक्तपुरको मूर्त तथा अमूर्त सम्पदाहरूको संरक्षणका लागि अभिलेखीकरण गर्ने र परम्परागत बाजागाजा तथा दाफाभजनको बोललाई लिपिबद्ध गरी संरक्षण गरिनेछ ।
- परम्परागत बाजा र सांस्कृतिक प्रतियोगिताहरू आयोजना गरी नयाँ पुस्तामा हस्तान्तरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

*बाँकी पृष्ठ ७ मा*





प्रजातान्त्रिक जनगणतन्त्र कोरियाको बन्दरगाह सहर नाम्पोमा कोरियाली जनसेनाले हालै निर्माण गरेको ५ हजार टन डेस्ट्रोयर चोय ह्योनको साथ १० हजार टन भारको रणनीतिक युद्धपोतको उद्घाटन गर्दै कोरियाली मजदुर पार्टीका महासचिव एवं प्रजग कोरिया राष्ट्रिय मामिला आयोगका अध्यक्ष किम जोङ उन (बायाँ) तथा युद्धपोत (दायाँ) जून २४, २०२६ का दिन ।

*तस्बिर : केसीएनए*

# कङ्गोमा एक हजार जनाभन्दा बढीमा इबोला सङ्क्रमण पुष्टि : डब्ल्यूएचओ


किन्शासा (कङ्गो), २४ जून (सिन्ह्वा) । डेमोक्र्याटिक रिपब्लिक अफ कङ्गो (डीआरसी) मा मे १५ मा घोषणा गरिएको इबोला प्रकोपमा २७७ जनाको मृत्यु भएको उल्लेख गर्दै एक हजार ९४ जनामा इबोलाको सङ्क्रमण पुष्टि भएको घटनाहरू दर्ता गरिएको विश्व स्वास्थ्य सङ्गठन (डब्ल्यूएचओ) जनाएको छ ।

डब्ल्यूएचओले मङ्गलबार जारी गरेको आधिकारिक तथ्याङ्कले हाल ३८७ जना बिरामीहरू उपचार प्राप्त गरिरहेको भने ११५ जना निको भएको देखाएको छ । कङ्गोका अधिकारीहरूले ४४ जना व्यक्तिको शङ्कास्पद मृत्युसहित १३१ वटा शङ्कास्पद घटनाहरूको पनि रिपोर्ट गरेका छन् ।

आफ्नो दैनिक महामारी रिपोर्टमा कङ्गोको स्वास्थ्य मन्त्रालयले जारी गरेको सामुदायिक प्रसारणका आधारमा साप्ताहिक रूपमा पुष्टि भएका सङ्क्रमणका घटनाहरूमा पनि वृद्धि देखाइएको छ ।

तथ्याङ्कले महामारी विज्ञान र प्रयोगशाला निगरानीका साथै निदान क्षमताको विकेन्द्रीकरणसहित तीव्र जनस्वास्थ्य उपायहरूले पहिले रोग पत्ता लगाउन योगदान पुर्‍याएको र विस्तारित सामुदायिक सङ्क्रमणको पुष्टि गरेको बताएको छ ।

अफ्रिकामा इबोला रोगको प्रकोपको पहिलो महिनामा पुष्टि भएका घटनाहरूको यो सबैभन्दा ठुलो सङ्ख्या भएको डब्लुएचओका 'हेल्थ इमर्जेन्सी अलर्ट एन्ड रेस्पोन्स अपरेसन' का निर्देशक अब्दिराहमान महामुदले मङ्गलबार जेनेभामा पत्रकार सम्मेलनमा बताउनुभएको छ ।



महामुदले रोगको फैलावट र विस्तार तीव्र गतिमा भइरहेको उल्लेख गर्दै विगत दुई हप्तामा उपचार क्षमता पनि बढेर १९ वटा स्वास्थ्य क्षेत्रहरूबाट ५०० भन्दा बढी शय्यासहित सेवा गर्न सक्ने अवस्थामा पुगेको बताउनुभएको छ ।

प्रयोगशाला क्षमता पनि तीव्र रूपमा विस्तार गरिएको बताउँदै उहाँले प्रकोपको सुरुमा राजधानी किन्शासामा प्रतिदिन लगभग ३० जनामा परीक्षण गर्दै आएकोमा हाल इटुरी, उत्तरी किवु र दक्षिण किवु प्रान्तहरूमा आठ विकेन्द्रीकृत प्रयोगशालाहरूको सञ्जालमार्फत प्रतिदिन दुई हजार जनाभन्दा बढीको परीक्षण सम्भव भएको बताउनुभएको छ ।

डीआरसीका राष्ट्रपति फेलिक्स त्सेसेकेदीले मङ्गलबार आफू चाँडै उच्च प्रकोपको रहेको इटुरी प्रान्तको प्रतिक्रिया सञ्चालनको अनुगमन गर्ने बताउनुभएको छ ।

बुरुन्डीका राष्ट्रपति एभारिस्ट नदाइसिमियीसँग किन्शासामा भएको संयुक्त पत्रकार सम्मेलनमा बोल्दै उहाँले यस्तो टिप्पणी गरेको जनाइएको छ ।

पत्रकार सम्मेलनअघि, दुई नेताहरूलाई मध्य अफ्रिकी देशको राष्ट्रिय इबोला प्रतिक्रिया टास्क फोर्ससँगको बैठकमा कङ्गोको महामारीसम्बन्धी अवस्था र प्रतिक्रिया उपायहरूको बारेमा जानकारी दिइएको थियो ।

इबोलाको प्रकोपलाई नियन्त्रण गर्न, त्सेसेकेदीले रोकथाम, महामारी विज्ञान निगरानी र द्रुत सूचना-साझेदारीमा आधारित बलियो क्षेत्रीय सहयोगको लागि पनि आह्वान गर्नुभएको छ ।

नदाइसिमियेले अफ्रिकी देशहरू र व्यापक अन्तर्राष्ट्रिय समुदायलाई सीमा बन्द नगर्न पनि आग्रह गरेको जनाइएको छ ।

यसैगरी, लगभग ९० प्रतिशत सङ्क्रमण भएको डीआरसीको इटुरी प्रान्तको सिमानामा रहेको युगान्डामा पनि २० जनामा इबोला सङ्क्रमण भएको पुष्टि गर्दै १४ जना निको भएको र दुई जनाको मृत्यु भएको स्वास्थ्य मन्त्रालयको पछिल्लो तथ्याङ्कले देखाएको छ ।

मन्त्रालयका अनुसार रिपोर्ट गरिएका सङ्क्रमणका घटनाहरूमध्ये १५ वटा आयातीत केशहरू हुन् ।

मङ्गलबार पनि, युगान्डा र डीआरसीले इबोला प्रकोपसँग लड्न साझा निगरानी र द्रुत प्रतिक्रिया टोली, मोबाइल प्रयोगशालाहरू, र इबोला उपचार केन्द्रहरूको संयुक्त तैनाथीलाई समेट्दै सीमापार सहयोग सुरु गरेको जनाइएको छ ।

गत शुक्रबार जारी गरिएको डब्ल्यूएचओ तथ्याङ्कअनुसार, नयाँ स्वास्थ्य क्षेत्रहरूमा प्रकोपको निरन्तर विस्तारका कारण कङ्गोमा इबोलासम्बन्धी स्वास्थ्य जोखिम उच्च रहेको छ, जसले थप राष्ट्रिय र क्षेत्रीय फैलावटको सम्भावना बढाएको छ ।

यसैबिच, युगान्डामा आयातीत केशहरू र पूर्वी कङ्गो र पश्चिमी युगान्डा कोरिडोरको साथ महामारी विज्ञान लिङ्कहरूमार्फत सीमापार फैलावटको पुष्टि भएको कारण जोखिम उच्च रहेको जनाइएको छ ।

# होर्मुज जलमार्ग बन्द हुँदा एक हजारभन्दा बढी मालवाहक जहाज समुन्द्रमै अलपत्र

लन्डन, २४ जून (सिन्ह्वा) । स्ट्रेट अफ होर्मुज जलमार्ग बन्द हुँदा एक हजार २०० भन्दा बढी मालवाहक जहाजहरू १२५ अर्ब अमेरिकी डलरको सामानसहित यस क्षेत्रमा फसेको बेलायती फाइनान्सियल टाइम्स (एफटी) ले बुधबार बीमा कम्पनी एलियान्जको पछिल्लो प्रतिवेदनलाई उद्धृत गर्दै रिपोर्ट गरेको छ । एलियान्जका समुद्री प्रमुख जस्टस हेनरिकले बेलायती दैनिक फाइनान्सियल टाइम्सलाई महत्त्वपूर्ण जमार्गको बन्दले बीमा कम्पनीहरूका लागि जाँच केन्द्रहरूमा जोखिम वहनको ढाँचा परिवर्तन गरेकोसमेत जनाइएको छ ।

संयुक्त राज्य अमेरिका र इरानबिच सम्झौता घोषणा भएर स्ट्रेट अफ होर्मुज खोल्ने निर्णय पछि ढुवानी यातायात बिस्तारै सहज भएको जनाइएको छ । आधिकारिक तथ्याङ्कले यस अघिको हप्तामा ६९ वटा जहाजहरू खाडीबाट बाहिर निस्किएको देखाएको छ जुन एक हप्ता अघि मात्र २४ वटा थिए भने फेब्रुअरीमा द्वन्द्व भड्किएपछिको सबैभन्दा बढी साप्ताहिक ढुवानीको मात्रा यही भएको जनाइएको छ ।

द्वन्द्वका कारण गम्भीर हताहतका कारण मानवीय क्षति र आर्थिक नोक्सान हुनुका साथै लामो समयसम्म समुन्द्र क्षेत्रमा रहनुपरेकाले चालक दलका सदस्यहरूमा सङ्कट ल्याएको जनाइएको छ । अन्तर्राष्ट्रिय सामुद्रिक सङ्गठनका अनुसार द्वन्द्वका कारण १४ जना डुङ्गा चालकहरूको मृत्यु भएको छ भने ४० वटाभन्दा बढी जहाजहरूमा क्षेप्यास्त्र आक्रमण भएको छ ।

# विश्वव्यापी सञ्चालन प्रस्तावबाट अफ्रिका लाभान्वित

नैरोवी, १० असार (सीआरआई) । केन्याको "द स्टार केन्या" वेबसाइटले हालै "चीनले विश्वव्यापी दक्षिणलाई अझ ठूलो भूमिका निर्वाह गराउँदै आएको सिलसिलामा अफ्रिकाले त्यसबाट लाभ लिने" शीर्षकको लेख प्रकाशित गर्दै विकासोन्मुख मुलुकको विश्वव्यापी निर्णय अधिकारलाई अघि बढाउने चीनको नयाँ चरणको कदमबाट अफ्रिकाका लागि अझ ठूलो फाइदा सिर्जना गरिने जनाएको छ ।

चीनले यसै जून १७ तारिख "अझ निष्पक्ष र उचित विश्वव्यापी सञ्चालन प्रणालीको स्थापना: चीनको विचारधारा, प्रस्ताव र गतिविधि" शीर्षकको श्वेतपत्र जारी गरेको छ । जुन चीनका राष्ट्राध्यक्ष सी चिनफिङले प्रस्तुत गर्नुभएको विश्वव्यापी सञ्चालन प्रस्तावलाई व्यवहारमा उतार्नका लागि चालेका श्रृङ्खलाबद्ध कदमहरूमध्येको एक हो । त्यसले अफ्रिका लगायतका विश्वव्यापी दक्षिण (अफ्रिका, एशिया र ल्याटिन-अमेरिकाका विभिन्न मुलुकहरू) ले विश्वव्यापी मामिलामा अझ बढी वाक अधिकार पाउनुपर्ने कुरा स्पष्टसँग औंल्याएको छ ।

उक्त श्वेतपत्रले अफ्रिकालाई विश्वव्यापी दक्षिणको अन्तर्राष्ट्रिय कार्यको केन्द्रमा राख्दै आर्थिक नीति, विकास र पुँजी सङ्कलन, जलवायु सम्झौता-वार्ता र उदीयमान प्रविधि आदि क्षेत्रका विषयहरूलाई पनि समेटेको छ ।

## विश्व सङ्क्षेप

### भारतका प्रधानमन्त्री मोदी र चिनियाँ परराष्ट्रमन्त्री वाङ यी बिचमा भेटवार्ता

पेइचिङ, १० असार (सीआरआई) । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले जून २३ तारिख नयाँ दिल्लीस्थित प्रधानमन्त्री कार्यालयमा ब्रिक्स देशहरूको सुरक्षासम्बन्धी वरिष्ठ प्रतिनिधि बैठकमा सहभागी देशका प्रतिनिधिहरूसँग भेट गर्ने क्रममा चिनियाँ परराष्ट्र मन्त्री वाङ यीसँग मैत्रीपूर्ण छलफल गर्नुभएको छ ।

सो अवसरमा भारतीय प्रधानमन्त्री मोदीले वाङ यीलाई चिनियाँ राष्ट्राध्यक्ष सी चिनफिङ र प्रधानमन्त्री ली छ्याङलाई हार्दिक नमस्ते भनिदिन अनुरोध गर्नुभयो । उहाँले आपसी सम्बन्धबारे चर्चा गर्दै भन्नुभयो, "वर्तमान परिस्थितिमा भारत र चीनले आफ्नो परम्परागत मित्रतालाई कायम राख्दै उच्चस्तरीय भेटघाट राख्न, व्यावहारिक सहयोग अगाडि बढाउन र विश्वव्यापी दक्षिण देशहरूको साझा हित सुरक्षित गर्न आवश्यक छ । आगामी वर्ष भारतले ब्रिक्स अध्यक्ष मुलुकको भूमिका निर्वाह गर्न चीनले समर्थन गर्दछ र ब्रिक्स सहयोगलाई अगाडि बढाउन चीनसँग सहकार्य गर्न चीनले गर्दै जानेछ ।"

चिनियाँ परराष्ट्र मन्त्री वाङ यीले भारत र चीन दुई सबैभन्दा ठुलो विकासोन्मुख देश र विश्वव्यापी दक्षिणका महत्त्वपूर्ण सदस्यका रूपमा विश्वव्यापी दक्षिण देशहरूको संयुक्त शक्ति प्रवर्द्धनमा उदाहरण प्रस्तुत गर्नुपर्ने बताउनुभयो ।

वाङ यीले अगाडि भन्नुभयो, "चीन भारतसँग दुई देशका नेताहरूको महत्त्वपूर्ण सहमति कार्यान्वयन गर्दै भारत-चीन सम्बन्धलाई सकारात्मक दिशामा राख्न, आ-आफ्नो आधुनिकीकरण प्रक्रिया अगाडि बढाउन तत्पर छ; यो पूर्ण रूपमा दुई देशका जनताको मूल हितसँग मेल खान्छ र अन्तर्राष्ट्रिय समुदायको सामान्य अपेक्षासँग पनि मेल खान्छ ।"

भेटका क्रममा वाङ यीले भारतका राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभलसँग पनि भेटघाट गर्नुभयो ।

### ग्रीष्मकालीन दाभोस मञ्च २०२६ उद्घाटन समारोहमा चीनका प्रधानमन्त्रीको मन्तव्य

दाभोस, १० असार (सीआरआई) । जून २४ तारिख बिहान, चीनका प्रधानमन्त्री ली छ्याङले ताल्यानमा ग्रीष्मकालीन दाभोस मञ्च २०२६ को उद्घाटन समारोहमा सहभागी हुँदै मन्तव्य दिनुभएको छ । बङ्गलादेशका प्रधानमन्त्री तारिक, गिनीका प्रधानमन्त्री उरी बा, कजाकस्तानका प्रधानमन्त्री बेलेकजेनोभ, दक्षिण कोरियाका प्रधानमन्त्री किम मिनसुक, मंगोलियाका प्रधानमन्त्री उखिरले, मण्टेनेग्रोका प्रधानमन्त्री स्पाइचलगायत लगभग विश्वभरिका विभिन्न क्षेत्रका १८०० जना प्रतिनिधिहरू सो समारोहमा उपस्थित हुनुभयो ।

आफ्नो मन्तव्यमा, प्रधानमन्त्री ली छ्याङले यस फोरमको विषय 'स्केलवाला नवप्रवर्तन' हो र यसले आजको विश्व अर्थतन्त्रको विकासमा एउटा महत्त्वपूर्ण मुद्दा चिन्हित गरेको पुष्टि गर्नुभयो । उहाँले चीनको आर्थिक विकासको अभ्याससँग जोडेर, विश्वव्यापी नवप्रवर्तन सहयोगमा आफ्ना तीनवटा विचार पनि बाँड्नुभएको छः


पहिलो, 'पन्ध्रौ पञ्चवर्षीय योजना' को सुरुवातमा, चीनको अर्थतन्त्र परिवर्तनशील परिस्थितिमा नयाँ बाटो खोलिरहेको छ । दोश्रो, नवप्रवर्तन प्रेरितको भूमिका लामो अवधिमा चीनको अर्थतन्त्रलाई दृढ र दिगो बनाउने मुख्य कुञ्जी हो । तथ्यहरूले स्पष्ट देखाउँछ कि चीनको नयाँ क्षेत्रका प्रविधि र उत्पादनहरूले विश्वलाई धक्का होइन, अवसर ल्याउँछन्; खतरा होइन, सशक्तिकरण प्रदान गर्छन् । तेस्रो, नवप्रवर्तन सहयोगले विश्वव्यापी वृद्धि समस्यालाई समाधान गर्ने अपरिहार्य विकल्प हो । चीनले बजार पहुँच अझ व्यापक बनाउँदै, उत्कृष्ट व्यापार वातावरण लगातार सिर्जना गर्दै जाने छ । साथै विभिन्न देशका कम्पनीहरूलाई चीनमा लगानी र व्यापार गर्न हार्दिक स्वागत गर्दै चीनको विकासका नयाँ अवसरहरू थप बाँड्दै जाने छ ।

**भक्तपुर...**

- भक्तपुरका मौलिक उत्पादनहरू जस्तैः- जुजु धौ, भादगाउँले टोपी (ताका तपुली), कवाँचा प्याखं र सांस्कृतिक जात्राहरू (बिस्का जात्राको घातु म्ये र कसिमला पाँय्) लाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सूचीकरणमा लैजाने प्रक्रिया अघि बढाइएको छ ।

**२. भौतिक पुनः निर्माण तथा जीर्णोद्धारका प्रमुख आयोजनाहरू**

- ऐतिहासिक थन्थु दरबारको पुनःनिर्माण कार्य सम्पन्न गर्न एक करोड पचास लाख रकम विनियोजन गरिएको छ ।
- टौमढीस्थित... नवदुर्गा द्योछेँ र टिबुक्छेँको दही विनायक द्योछेँ पुनःनिर्माण प्रक्रिया अघि बढाइनेछ । खौमास्थित उमा महेश्वर, क्वाछेँको नारायण मन्दिर र थन्थु दरबारमा सङ्ग्रहालयको लागि अध्ययन अनुसन्धान गरिनेछ ।
- भक्तपुर दरबार क्षेत्रमा रहेका ऐतिहासिक ९९ चोकहरूको उत्खनन र पहिचान कार्यलाई निरन्तरता दिइनेछ । ब्रह्मायणी घाट, महेश्वरी घाट, हनुमानघाट, मङ्गलतीर्थ घाट, चुपिङघाट, कालीघाट र धालाखुसी घाटको पुनःनिर्माण र सुधारका लागि बजेट विनियोजन गरिएको छ । मङ्गलतीर्थमा ताहा फल्चा र हनुमानघाट पारी सत्तल पुनःनिर्माण कार्य अगाडि बढाइनेछ ।




**३. अमूर्त सम्पदा र सांस्कृतिक प्रवर्द्धन**

- भक्तपुरलाई 'जीवन्त सम्पदा सहर' को रूपमा कायम राख्न बिहान र बेलुकाको समयमा पाटी-पौवाहरूमा भजन र सांस्कृतिक गतिविधिहरू सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।
- पर्यटकहरूको बसाइँ लम्ब्याउन सांस्कृतिक प्रदर्शनी केन्द्र निर्माण गरी नियमित सांस्कृतिक प्रदर्शनहरू थालनी गरिनेछ ।
- सम्पदा क्षेत्रमा रात्रिकालीन बत्ती र सीसी क्यामेराको व्यवस्था गरी रात्रिकालीन पर्यटनलाई समेत प्रवर्द्धन गरिनेछ ।

**४. नगरवासीलाई प्रोत्साहन र अनुदान**

- नगरको मौलिकता जोगाउन आफ्नो घर परम्परागत शैलीमा निर्माण गर्ने नगरवासीहरूलाई नगरपालिकाले प्रदान गर्दै आएको आर्थिक अनुदानलाई निरन्तरता दिइएको छ । यसका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।
- निजी क्षेत्रका ऐतिहासिक महत्त्वका घरहरूको पुनःनिर्माणमा सहजीकरण गर्ने नीति लिएको छ ।

**५. डिजिटल अभिलेखीकरण र प्रविधि**

- नगरका प्रमुख सम्पदाहरूको सङ्क्षिप्त परिचय, भिडियो र इतिहास समेटिएको मोबाइल एप र क्युआर कोड (QR Code) निर्माण गरिनेछ ।
- मन्दिर, द्योछेँ, देवालय, शिवालय, बहाबही, चोक, ननी, पाटी र ढुङ्गेधाराहरूको डिजिटल अभिलेखीकरण गरी भविष्यका लागि सुरक्षित राखिनेछ ।

नगरपालिकाले सम्पदा पुनःनिर्माण तथा संस्कृति संरक्षणका लागि नगरपालिकाले आगामी वर्ष कुल ७ करोड ९० लाख रूपैयाँ विनियोजन गरेको छ ।

**कृषि** :

भक्तपुर नगरपालिकाले कृषि क्षेत्रको लागि आगामी आ.व. मा विभिन्न कार्यक्रम र बजेट प्रस्ताव गरेको छ :-

**१. पूर्वाधार विकास र बजारीकरण**

- भक्तपुर नगरपालिका वडा नं. ८, लिबालीमा निर्माणाधीन शीतभण्डार (Cold Storage) को निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ ।
- वडा नं. ५ मा निर्माण भएको तरकारी बजारलाई सञ्चालनमा ल्याइनेछ र स्थानीय कृषि उत्पादनको प्रबर्द्धनका लागि समय समयमा कृषि उत्पादन मेला तथा 'सस्तो बजार' आयोजना गरिनेछ ।

**२. सहुलियत र अनुदान**

- नगरपालिकाद्वारा सञ्चालित प्राङ्गारिक मल उत्पादन केन्द्रबाट उत्पादित कम्पोस्ट मल र कृषि चुन नगरबासी किसानहरूलाई सहुलियत दरमा बिक्री वितरण गरिनेछ ।
- परिचय पत्र प्राप्त सूचिकृत किसानहरूलाई उद्यमशीलताका लागि सहुलियत ब्याजदरमा 'कृषि ऋण' उपलब्ध गराउने व्यवस्था मिलाइएको छ ।

**३. प्राङ्गारिक खेती र वातावरण संरक्षण**

- रासायनिक मल र विषादीको प्रयोगलाई न्यूनीकरण गर्दै प्राङ्गारिक खेतीलाई प्रोत्साहन दिइनेछ । यसका लागि किसानहरूलाई जैविक मल र जैविक विषादी बनाउने तथा प्रयोग गर्नेसम्बन्धी अभिमुखीकरण र तालिम प्रदान गरिनेछ ।
- किसानहरूका लागि उन्नत बीउबिजनको प्रयोग, आधुनिक कृषि अभ्यास र माटो परीक्षणसम्बन्धी विशेषज्ञहरूबाट तालिमको व्यवस्था मिलाइनेछ ।

**४. संस्थागत सहयोग र अध्ययन**

- कृषि क्षेत्रमा अध्ययन-अनुसन्धान गर्न चाहने विद्यार्थीहरूलाई नगरपालिकाले अनुसन्धान वृत्ति (Research Fellowship) प्रदान गर्ने नीति लिएको छ ।
- सहकारी संस्थाहरूलाई कृषिजस्ता उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिनेछ ।

यी कार्यक्रमहरूका लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

**भौतिक पूर्वाधार निर्माण**

भक्तपुर नगरपालिकाले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि भौतिक पूर्वाधार निर्माणमा ३५ करोड अर्थात् १३.७२ प्रतिशत विनियोजन गरेको छ । नगरपालिकाको गौरवका आयोजनाहरू र वडास्तरका योजनाहरूलाई समेटेर तयार पारिएको भौतिक पूर्वाधारतर्फको विवरण यहाँ प्रस्तुत छ :

- वडा नं ६ स्थित देकोचामा अरनिको सभाभवन निर्माण कार्यलाई तीव्रताका साथ अघि बढाउन १५ करोड २५ लाख रकम विनियोजन गरिएको छ ।
- हनुमन्ते र कासन खोला सुधार योजनाअन्तर्गत खोलाको दुवैतर्फ टेवा पर्खाल (Retaining Wall) निर्माण र ब्रह्मायणीदेखि महेश्वरीसम्मको खोला किनारमा करिडोर निर्माणका लागि बजेट विनियोजन गरिएको छ ।
- लिबाली आवास योजना र देको-मिवा-इतापाके आवास योजना क्षेत्रका बाँकी सडकहरूमा नाली निर्माण र कालोपत्रे (Blacktop) गर्ने कार्य गरिनेछ । यस्तै, कमलविनायकदेखि खरिपाटी ब्यारेकसम्मको सडक स्तरोन्नति गरिनेछ ।
- कयतामरु घाटमा पुल निर्माण गरी ल्योसिङ्ख्योदेखि अरनिको राजमार्गसम्म सहज पहुँच पुऱ्याइनेछ ।
- वडा नं १ को तकोकिवा बहुउद्देश्यीय भवन निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- वडा नं ५ स्थित पसीखेलमा पार्किङ क्षेत्र सञ्चालनमा ल्याइनेछ र अन्य उपयुक्त स्थानहरूमा पनि पार्किङ पूर्वाधार निर्माण गरिनेछ ।
- देको-मिवा-इतापाके जग्गा एकीकरण आयोजनाअन्तर्गत बाँकी रहेका भौतिक पूर्वाधारहरू (सडक, ढल र बिजुली) निर्माण कार्य गर्न सहजीकरण गरिनेछ ।
- नगरका विभिन्न वडाहरूमा ढल निकास र खानेपानी पाइपलाइन विस्तारका लागि एकीकृत पूर्वाधार विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

**पर्यटन प्रवर्द्धन :**

भक्तपुर नगरपालिकाले आगामी आर्थिक वर्षका लागि पर्यटन प्रवर्द्धन गर्न कुल ३ करोड ८० लाख रूपैयाँ विनियोजन गरेको छ :-

- भक्तपुरलाई पर्यटनको आकर्षण केन्द्र बनाउन इतिहास र संस्कृतिका विज्ञहरूको प्रतिनिधित्व रहने गरी एक 'सम्भाव्यता अध्ययन समिति' गठन गरिनेछ । यस समितिले अल्पकालीन र दीर्घकालीन पर्यटन योजनाहरू निर्माण गर्नेछ ।
- नगरको पर्यटन प्रवर्द्धनका लागि भक्तपुर पर्यटन विकास समिति, होटल एसोसिएसन अफ भक्तपुर, ट्राभल एजेन्सीहरू र डिजिटल सामग्री सिर्जनाकर्ता (Content Creators) सँग समन्वय र सहकार्य गरिनेछ ।
- पर्यटकहरूको आकर्षणका लागि समय-समयमा विभिन्न उत्सव, मेला, सन्ध्याकालीन पदयात्रा र सांस्कृतिक कार्यक्रमहरू आयोजना गरिनेछ ।
- भाज्या पुखु, न्हु पुखु (रानीपोखरी) र बाहारे पुखु (कमलविनायक पोखरी) जस्ता ऐतिहासिक पोखरीहरूमा स्थानीय तथा घरेलु उत्पादन र सांस्कृतिक गतिविधिसहितका मेलाहरू सञ्चालन गरिनेछ । नपुखुमा 'वाटर साइक्लिङ' (Water Cycling) सेवा सुरु गरिनेछ ।
- सम्पदा क्षेत्रमा रात्रिकालीन बत्ती र सीसी क्यामेराको व्यवस्था गरी रात्रिकालीन पर्यटनलाई प्रवर्द्धन गरिनेछ । यसका लागि १ करोड रूपैयाँ विनियोजन गरिएको छ ।
- नगरका मुख्य नाकाहरूमा पर्यटक सूचना केन्द्रहरू स्थापना गरिनेछ र डिजिटल माध्यमबाट (मोबाइल एप, क्युआर कोड) सम्पदाहरूको जानकारी उपलब्ध गराइनेछ ।
- पर्यटनलाई स्थानीय जनजीविकासँग जोड्न होमस्टे (Homestay), फ्यामिली स्टे र टुर गाइड (Tour Guide) तालिमहरू सञ्चालन गरिनेछ ।
- भादगाउँले टोपी, ताइच्युन चिउरा, जुजु धौ र मौलिक काष्ठकलाको संरक्षण तथा प्रवर्द्धनका लागि वाग्मती प्रदेश सरकारसँगको साझेदारीमा कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

**वातावरण सुधार तथा फोहोरमैला व्यवस्थापन** :

भक्तपुर नगरको वातावरण सुधार तथा फोहोरमैला व्यवस्थापन शीर्षकमा २३ करोड १५ लाख ८० हजार अर्थात् ९.०१ प्रतिशत रकम विनियोजन गरिएको छ ।

- नगरका सम्पदा क्षेत्र, खुला क्षेत्र, खोला र पोखरीहरूको नियमित सरसफाइका लागि जनप्रतिनिधि र कर्मचारीहरूको नेतृत्वमा स्थानीय जनताको सहभागितामा सञ्चालित पाक्षिक सरसफाइ कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- 'एक सहकारी, एक क्षेत्र सरसफाइ' नीतिअन्तर्गत सहकारी संस्थाहरूलाई पनि सरसफाइ अभियानमा सक्रिय रूपमा परिचालन गरिनेछ ।
- नगरका मुख्य नाकाहरूमा हरियाली व्यवस्थापन र सरसफाइलाई विशेष प्राथमिकता दिइनेछ ।
- नगरको ढल निकास व्यवस्थापनमा सुधार गर्न र आवश्यक पूर्वाधार निर्माण गर्न सरोकारवाला सरकारी निकायहरूसँग समन्वय गरिनेछ ।
- आधुनिक प्रविधिको प्रयोग गरी कुहिने फोहोरबाट कम्पोस्ट मल उत्पादन गर्ने कार्यलाई तीव्रता दिइनेछ । सिलखे प्राङ्गारिक मल पूर्वाधार निर्माणका लागि २ करोड रूपैयाँ विनियोजन गरिएको छ ।
- नकुहिने फोहोरका लागि 3R (Reuse, Recycle, Reduce) विधिको प्रयोग गरी फोहोरमैलाको दीर्घकालीन व्यवस्थापन गरिनेछ ।
- वातावरणीय प्रदूषण घटाउन प्लास्टिकका झोला तथा प्लास्टिकजन्य सामग्रीहरूको प्रयोगमा न्यूनीकरण गरिनेछ ।
- नगरलाई ध्वनि र वायु प्रदूषणमुक्त बनाउन साइकल यात्रालाई प्रोत्साहनको साथै नाका नाकामा साइकल स्टायन्डको व्यवस्था गरिनेछ र मुख्य सडकहरूमा भारी सवारी साधन प्रवेशमा क्रमशः निषेध गरी पैदलयात्रीमैत्री बनाइनेछ ।
- बिजुली, टेलिफोन र इन्टरनेटका अव्यवस्थित तारहरूलाई हटाएर भूमिगत तार व्यवस्थापन (Underground Cabling) कार्यलाई शीघ्र सम्पन्न गरिनेछ ।
- नगरका विभिन्न स्थानमा आकर्षक पार्कहरू निर्माण गरिनेछ र सम्पदा स्थलहरूमा फूलका गमलाहरू राखेर सौन्दर्यीकरण गरिनेछ ।

**खेलकुद** :

भक्तपुर नगरपालिकाले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि खेलकुद क्षेत्रलाई शिक्षासँगै जोडेर लैजाने नीति लिएको छ । नगरका युवा तथा विद्यार्थीहरूको शारीरिक र मानसिक विकासका लागि खेलकुद विकास र पूर्वाधार निर्माणमा ३ करोड ७५ लाख रकम विनियोजन गरिएको छ ।

- भक्तपुर नगरपालिका वडा नं. २ मा रहेको सहिद स्मृति खेल मैदान र वडा नं. ७ मा रहेको महेश्वरी खेल मैदानको स्तरवृद्धि तथा सुदृढीकरण गरिनेछ । नगरको उपयुक्त स्थानमा कभर्ड हल र फुटसल मैदान निर्माणका लागि आवश्यक तयारी र बजेटको व्यवस्था गरिएको छ ।
- नगरको उपयुक्त स्थानमा पौडी पोखरी निर्माण गरिनेछ र बालबालिकाहरूका लागि पौडी प्रशिक्षण केन्द्रको रूपमा विकास गरिनेछ । वडा-वडामा रहेका खुल्ला व्यायामशाला ( Open Gym) हरूलाई थप व्यवस्थित बनाउँदै विद्यालय स्तरसम्म विस्तार गरिनेछ ।
- नियमित रूपमा खेलकुद प्रतियोगिताहरू आयोजना गरिनेछ ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलाडीहरू उत्पादन गर्न विभिन्न खेलका लागि नियमित प्रशिक्षणको व्यवस्था मिलाइनेछ । विद्यालयका खेल शिक्षकहरूलाई व्यावसायिक क्षमता अभिवृद्धिका लागि आवश्यक तालिम प्रदान गरिनेछ ।
- नगरपालिकाले आगामी वर्षदेखि खेलाडीहरूको बीमा गर्ने कार्य आरम्भ गर्ने नीति लिएको छ ।
- अपाङ्गता भएका नगरवासीहरूका लागि उनीहरूको क्षमताअनुसारको खेलकुद र अतिरिक्त क्रियाकलापहरू सञ्चालन गरिनेछ ।
- स्थानीय खेलकुद समिति, टीम-क्लब, पुस्तकालय र वाचनालयहरूलाई परिचालन गरी वडा र नगर स्तरमा खेलकुद प्रतियोगिता तथा अतिरिक्त क्रियाकलापहरू सञ्चालन गरिनेछ ।
- विद्यालयहरूमा खेलकुद प्रशिक्षकको व्यवस्था गरी विद्यार्थीहरूलाई सानै उमेरदेखि खेलप्रति रुचि जगाउने कार्यक्रम ल्याइनेछ ।

**विविध योजना तथा कार्यक्रमहरू**

भक्तपुर नगरपालिकाले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि विविध योजना तथा कार्यक्रमअन्तर्गत प्रशासनिक सुधार, प्रविधिमैत्री सेवा, विपद् व्यवस्थापन र सामाजिक उत्तरदायित्वका क्षेत्रमा निम्न कार्यहरू अगाडि बढाउने प्रस्ताव गरेको छ :

**१. सार्वजनिक जग्गा संरक्षण र औद्योगिक विकास**

- नगरपालिकाभित्र रहेका पर्ती तथा सार्वजनिक जग्गाहरूको अभिलेखीकरण गरी तिनको संरक्षण र सामूहिक हितमा उपयोग गरिने नीतिलाई निरन्तरता दिइनेछ ।
- भक्तपुर नगरपालिका वडा नं. २, सानो ब्यासीस्थित भक्तपुर औद्योगिक क्षेत्रलाई हस्तकला र घरेलु उत्पादनमा आधारित 'औद्योगिक ग्राम' को रूपमा विकास गर्न पहल गरिनेछ । भक्तपुर क्राफ्ट उद्योग सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

**२. डिजिटल सेवा र सुशासन**

- नगरका महत्त्वपूर्ण पर्यटकीय स्थल र सम्पदा क्षेत्रहरूमा निःशुल्क वाइफाइ (Free Wi-Fi) को व्यवस्था मिलाइनेछ ।
- नगरवासीको सुविधाका लागि अनलाइन कर सङ्कलन र अनलाइन नक्सा पास प्रक्रियाको थालनी गरिनेछ । कर टोलीहरू परिचालन गरी घरदैलोमै कर सङ्कलन गर्ने कार्यलाई प्रभावकारी बनाइनेछ ।
- परम्परागत प्रविधिको संरक्षण गर्न माटो जोडाइका घर निर्माणको नक्सा पास प्रक्रियालाई सहज बनाइने र नक्सा पास दस्तुरमा छुट दिने नीति लिइएको छ ।

**३. विपद् व्यवस्थापन र राहत**

- विपद्को समयमा जनतालाई सुरक्षित राख्न, उद्धार र पुनःस्थापनाका लागि 'प्रकोप व्यवस्थापन कोष' लाई सुदृढ बनाइनेछ । यसका लागि ४० लाख बजेट विनियोजन गरिएको छ ।
- युवा स्वयम्सेवक टोलीहरू गठन गरी उनीहरूलाई आगलागी, बाढी र पहिरोजस्ता विपद् प्रतिकार्यसम्बन्धी तालिम प्रदान गरिनेछ ।

**४. बजार अनुगमन र सहरी व्यवस्थापन**

- उपभोक्ताको हित संरक्षणका लागि बजार अनुगमन कार्यलाई थप प्रभावकारी बनाइनेछ । व्यवसायीहरूको ढक-तराजु नवीकरण गर्ने व्यवस्था नगरपालिकाबाटै मिलाइनेछ ।
- छाडा कुकुर तथा चौपाया नियन्त्रण र व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ ।
- नगरमा अस्थायी बसोबास गर्ने र डेरामा बस्ने व्यक्तिहरूको तथ्याङ्क सङ्कलन र अभिलेखीकरण गरिनेछ ।

**५. प्रशासनिक सुधार र कर्मचारी व्यवस्थापन**

- नगरपालिकाको सेवालाई चुस्त र सेवाग्राहीमैत्री बनाउन कर्मचारीहरूको कार्यमूल्याङ्कनका आधारमा 'दण्ड र पुरस्कार' को व्यवस्था गरिनेछ ।
- कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्न नियमित तालिमहरू सञ्चालन गरिनेछ ।

**६. विविध**

- २०७२ सालको भूकम्प पीडितहरूलाई भग्नावशेष व्यवस्थापन र नक्सा पास प्रक्रियामा सहजीकरण गरिनेछ ।
- नगरपालिकाका लागि आवश्यक जग्गा खरिद र सार्वजनिक भवनहरूको मर्मत सम्भारका लागि बजेटको व्यवस्था गरिएको छ ।

बजेटको सफलता यसको प्रभावकारी कार्यान्वयनमा भर पर्छ । स्रोतको सुनिश्चितता भएमा मात्र बजेटले अपेक्षा गरेका उपलब्धिहरू हासिल गर्न र नगरवासीहरूलाई गुणस्तरीय सेवा-सुविधा उपलब्ध गराउन सकिन्छ । त्यसैले, लक्ष्यअनुसारको राजस्व सङ्कलन हुनु अनिवार्य छ । म यसै गरिमामय सभा र बजेट वक्तव्यमार्फत भक्तपुर नगरपालिकाका समस्त करदाता महानुभावहरूमा समयमै तोकिएको कर तिरी जिम्मेवार नागरिकको परिचय दिन र नगरको विकास र सेवा-सुविधाको हकदार बन्न हार्दिक अपिल गर्दछु ।

नगरपालिकाको सीमित स्रोत र साधनको अधिकतम उपयोग गरी बजेट तयार गर्दा नगरवासीका सबै चाहना र आवश्यकताहरू एकैपटक सम्बोधन गर्न सम्भव हुँदैन । त्यसैले, हामीले प्राथमिकता र आवश्यकताका आधारमा स्रोत र साधनको उपलब्धतालाई मध्यनजर गर्दै यो बजेट तथा कार्यक्रम तयार पारेका छौँ ।

बजेट तर्जुमासँगै यसको सफल कार्यान्वयन अर्को महत्त्वपूर्ण पाटो हो । योजना तथा कार्यक्रमहरू समयमै र प्रभावकारी रूपमा सञ्चालन हुन सकेमा मात्र बजेटले लिएको उद्देश्य पूरा हुनेछ । त्यसैले, यो बजेटको पूर्ण र सफल कार्यान्वयनका लागि सम्बद्ध सबै पक्षलाई म हार्दिक अनुरोध गर्दछु ।

अन्त्यमा, प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण कार्यपालिका सदस्यहरू, सञ्चार जगत्, नगरवासी दाजुभाइ तथा दिदीबहिनीहरू, प्रमुख प्रशासकीय अधिकृतलगायत सम्पूर्ण कर्मचारी मित्रहरूलाई म हार्दिक धन्यवाद ज्ञापन गर्दछु । भक्तपुरको विकास प्रक्रियामा निरन्तर सहयोग उपलब्ध गराउने नेपाल सरकार, वाग्मती प्रदेश सरकार, सरोकारवाला सहयोगी सङ्घ-संस्थाहरू र वडा एवं नगरस्तरीय सुझाव सङ्कलन कार्यक्रममा सहभागी भई महत्त्वपूर्ण सुझाव दिनुहुने सम्पूर्ण नगरवासीहरूप्रति भक्तपुर नगरपालिकाको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछु ।

आगामी दिनमा पनि भक्तपुरको सर्वाङ्गीण विकासका लागि यहाँहरूको साथ, सहयोग र सद्भाव निरन्तर रहने विश्वासका साथ म यो बजेट वक्तव्य यहीँ समापन गर्दछु ।

***(भनपाका उपप्रमुख रजनी जोशीले पेस गर्नुभएको बजेट-सं.)***

